# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क ३२, पूर्णाङ्क २६५ | २०७७ चैत्र ११ गते बुधबार | Wednesday, 24 Mar 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## तीनदिने आधारभूत पत्रकारिता तालिम सम्पन्न

■ **जानकी चौधरी**/काठमाडौं

रातो खबर प्रकाशन गृह प्रालि र जनपत्रकार सङ्गठन नेपालको संयुक्त आयोजनामा काठमाडौंमा तीनदिने आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ।

पत्रकारिता तालिमको समापनसत्रमा रातो खबर प्रकाशन गृहका निर्देशक वसन्त श्रेष्ठ ले पत्रकारिता समाजको ऐना भएको भन्दै पत्रकारिताले देश र जनतालाई कस्तो बनाउने भन्ने कुराको नेतृत्व गर्नुपर्ने बताए।

उनले जनपक्षीय पत्रकारिताका क्षेत्रमा काम गर्न देशैभरि सयौं पत्रकार र दर्जनौं अनलाइन चलाउनुपर्ने आवश्यकता रहेको बताए । यस्तै रातो खबर प्रकाशन गृहका पूर्वनिर्देशक गुणराज लोहनीले पत्रकारिता निकै शक्तिशाली र निकै चुनौतीपूर्ण पेसा भएको बताए। अहिले पत्रकारिताका क्षेत्रमा २ वटा प्रवृत्ति हाबी भएको भन्दै उनले जनपक्षीय

... बाँकी पृष्ठ ७ मा

## प्रधानमन्त्री ओली र नेकपाका महासचिव विप्लवबीच भेटवार्ता

# सहमति कार्यान्वयनको सकारात्मक पहल

■ **रातोखबर संवाददाता**/काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवबीच सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता भएको छ। गत फागुन २१ सरकार र नेकपाबीच भएको तीनबुँदे सहमति कार्यान्वयन गर्ने विषयमा उक्त छलफल भएको छ। छलफल तीनबुँदे सहमति कार्यान्वयनका लागि महत्वपूर्ण मानिएको छ।

नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीचको वार्ता निष्कर्षमा पुगेपछि वार्ताप्रक्रियामा दुई पक्षबीच भएको सहमति कार्यान्वयनको प्रक्रिया सकारात्मक ढङ्गले अघि बढिरहेको छ।

फागुन २१ गते भएको दुई पक्षबीचको उक्त सहमति कार्यान्वयनका लागि सकारात्मक दिशातिर अघि बढिरहेको दुवै पक्षले पुष्टि गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवबीच सोमबार भएको छलफल तीनबुँदे सहमति कार्यान्वयनका लागि महत्वपूर्ण मानिएको छ।

छलफलका क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले ३ बुँदे सहमति कार्यान्वयनका लागि सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको र कार्यान्वयनको प्रक्रिया सुरु भइसकेको बताएका थिए । त्यस्तै





नेकपाका महासचिव विप्लवले आपनो पार्टी सहमति कार्यान्वयन अघि बढिसकेको बताएका थिए।

नेकपाका प्रवक्ता तथा वार्ता टोलीका संयोजक खड्गबहादुर विश्वकर्मासमेत सहभागी उक्त छलफलले सहमतिबारे सबै विषयमा छिट्टै उल्लेख्य परिणाम निस्कने अपेक्षा जनसमुदायले गरेका छन्।

बालुवाटारमा प्रधानमन्त्री ओली र नेकपा महासचिव विप्लवबीच भएको उक्त छलफल सहमति कार्यान्वयन गर्ने विषयमा दुवै पक्षले सकारात्मक कदमहरू अघि बढाउने विषयमा छलफल भएको बताइएको छ । नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय स्रोतले दिएको जानकारीअनुसार सरकार र नेकपाबीच गत फागुन २१ गते भएको ३ बुँदे सहमति कार्यान्वयन गर्न दुवै पक्ष अगाडि बढिसकेका छन्। यसको परिणामस्वरूप नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले लगाएको प्रतिबन्ध हटेसँगै उक्त पार्टी निकट विभिन्न जनवर्गीय सङ्गठनका भेला, सम्मेलन र बैठकहरू तीव्र गतिमा अघि बढेका छन्। उक्त पार्टीका नेता-कार्यकर्ताहरू देशव्यापी रूपमा शान्तिपुर्ण राजनैतिक कार्यक्रममा अभियानात्मक रूपले जुटिसकेका छन्।

उता प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको ३ बुँदे सहमतिअनुसार सरकारले देशभरका हिरासतमा रहेका लगभग सबै बन्दीलाई रिहा गरिसकेको छ भने अदालती प्रक्रियामा जेलमा रहेका नेकपाका नेता-कार्यकर्ता रिहाइको प्रक्रिया अघि बढिरहेको छ। सहमतिको महत्वपूर्ण बुँदा मानिएको बन्दीहरू रिहाइको प्रक्रिया तथा मुद्दा खारेजीको विषय अघि बढिरहेको र यसलाई छिट्टै पूर्णता दिने सरकारी पक्षको भनाइ छ । यसै विषयमा आवश्यक छलफलका लागि मङ्गलबार नै नेकपाका महासचिव विप्लव र नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापाबीच पनि भेटघाट भएको छ । उक्त भेटघाटमा पनि सरकार र नेकपाबीच भएको सहमतिलाई दुवै पक्षले इमानदारीपूर्वक कार्यान्वयन गर्ने विषयमा महत्वपुर्ण छलफल भएको जानकारी स्रोतले दिएको छ । मङ्गलबारै नेकपाका महासचिव विप्लव र सरकारका खानेपानीमन्त्री मणि थापाबीच पनि भेटघाट भएको छ।

यसैबीच मङ्गलबार नै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी-माओवादी) का महासचिव मोहन वैद्य 'किरण' बीच पनि भेटघाट भएको छ। भेटघाटमा समग्र क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको विषयका साथै ४ दलीय संयुक्त रणनीतिक मोर्चाका विगतमा भएका कार्यक्रमहरूको समीक्षासहित आगामी कार्यक्रमका विषयमा पनि छलफल भएको बताइएको छ।

नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको वार्तासँगै नेपाली राजनीतिक घटनाक्रमले नयाँ मोड लिइरहेको बेला यसलाई नराकारात्मक ढङ्गबाट व्याख्या गर्न केही

... बाँकी पृष्ठ ७ मा

## २३ औं सांस्कृतिक प्रतिरोध दिवसमा कविता वाचन

■ **रातोखबर संवाददाता**/काठमाडौं

अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समितिले २३ औं सांस्कृतिक प्रतिरोध दिवसका सन्दर्भमा कविगोष्ठी सम्पन्न गरेको छ। काठमाडौंको संवाद डबलीमा बिहीबार आयोजित प्रतिरोध दिवसमा २५ जना कविले प्रतिरोधी कविता वाचन गरे।

कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य अनिल शर्माले क्रान्ति जारी रहेकाले प्रतिरोधी चेतना र शक्ति जगाउने कविता सिर्जना गरिरहनुपर्ने बताए। उनले भने, 'प्रतिध्रुवीय

... बाँकी पृष्ठ ७ मा

## जनपत्रकार सङ्गठन सबै सङ्घ सङ्गठनहरूसँग छलफल गर्न तयार

**काठमाडौं** । जनपत्रकार सङ्गठन नेपालले पत्रकार महासङ्घको आसन्न निर्वाचनमा कुनै विचारधाराका आधारमा गठबन्धन गर्नेभन्दा पनि एजेन्डा र सम्मानजनक प्रतिनिधित्वका लागि सबै सङ्घ/सङ्गठनहरूसँग छलफल र वार्ता गर्न तयार रहेको जानकारीसहित आह्वान गरेको छ।

जनपत्रकार सङ्गठन नेपालका संयोजक शेरबहादुर विश्वकर्माले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै महासङ्घको आसन्न निर्वाचनबारे सङ्गठनको धारणा सार्वजनिक गरेका हुन्।

उनले आगामी निर्वाचनमा सहमतीय प्रणालीबाट निर्वाचन होस् र महासङ्घमा वैचारिक प्रतिनिधित्वलाई सुनिश्चित

... बाँकी पृष्ठ ७ मा

## सहिद र घाइतेका सन्तानको अभिभावकत्व लिन्छौं : प्रकाण्ड



■ **झनक श्रेष्ठ**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले देश र जनताका पक्षमा लड्दालड्दै आफ्नो जीवनको बलिदान गर्ने सहिदहरूप्रति उच्च सम्मान गर्दै सहिदका परिवार र घाइतेका सन्तानहरूको अभिभावकत्व ग्रहण गर्ने भएको छ।

नेकपाका प्रवक्ता प्रकाण्डले महान् जनयुद्धदेखि एकीकृत जनक्रान्तिसम्म देश, जनता र वर्गका लागि बलिदान गर्ने सहिदका परिवारको दायित्व आफ्नो पार्टीले लिने बताएका हुन् । शनिबार काठमाडौंमा एकीकृत जनक्रान्तिका सहिद

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लवले तौलिहवा कारागारका बन्दीहरूलाई भेटे



■ **रातोखबर संवाददाता**/कपिलवस्तु

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले कपिलवस्तु जिल्लाको तौलिहवा कारागारमा रहेका आस्थाका राजबन्दीहरूलाई भेटघाट गरेका छन् । महासचिव विप्लवसँगै पार्टीका केन्द्रीय सदस्य कृतिले पनि बन्दीहरुलाई भेटेका हुन्।

नेपाल कम्युनिस्ट पार्टीका लुम्बिनी ब्युरो सदस्य तथा

... बाँकी पृष्ठ ७ मा

## नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोको राजनीतिक प्रशिक्षण सम्पन्न



■ **गोपाल गिरी**/काठमाडौं

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोको राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। दाङको घोराहीमा प्रशिक्षण आयोजना गरिएको हो।

प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले प्रतिबन्धलाई सानदार ढङ्गले जितेर वार्तामा आएको बताए । बजारमा प्रतिक्रियावादीहरूले हारेपछि सम्झौता गरेर वार्तामा आएको भन्ने हल्ला फिँजाएको तर त्यो भ्रामक, झूट्टा प्रचारबाजी मात्रै भएको उनको भनाइ थियो।

दलाल पुँजीवादी संसदीय व्यवस्थालाई परास्त गर्ने वैचारिक हतियार आफ्नो पार्टीको कार्यदिशा एकीकृत जनक्रान्ति निर्विकल्प भएको

... बाँकी पृष्ठ ७ मा

## संसदीय व्यवस्थाको विकल्पमा बृहत् बहस

### वैज्ञानिक समाजवाद स्थापनामा बौद्धिकहरूको जोड



■ **जानकी चौधरी**/काठमाडौं

नेपालमा संसदीय व्यवस्था असफल भइसकेकाले अब ढिला नगरी त्यसको विकल्पमा नयाँ व्यवस्था स्थापना गर्नुपर्नेमा काठमाडौंमा आइतबार आयोजित कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्।

राष्ट्रिय जागरण मञ्च नेपालको आयोजनामा भएको 'संसदीय व्यवस्थाको असफलता र अबको विकल्प' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले असफल संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद रहेकोमा जोड दिएका हुन्।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेलले असफल संसदीय व्यवस्थाको विकल्पमा नयाँ व्यवस्था

... बाँकी पृष्ठ ७ मा

## सरकार–नेकपाबीचको वार्तालाई कसरी बुझ्ने ?

**देश/परिवेश**

■ अनिल शर्मा



केपी वली नेतृत्वको विवादित अस्थिर सरकार र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबीच वार्ताप्रक्रिया सुरु भइरहेको छ। राजनीतिक दलहरूबीचमा छलफल, भेटघाट, संवाद सधैं चलिरहेको हुन्छ । यो प्रचार गरिरहनुपर्ने वा लुकाउनुपर्ने विषय पनि होइन। यसपटक सरकार र नेकपाबीचमा औपचारिक वार्ता सुरु भएको, यसको खास अर्थ भएका कारण धेरैको सरोकारको विषय भएको हो।

वार्ता दुई सत्ता, दुई वर्ग, दुईथरी विचार र दुई विश्वदृष्टिकोणबीचको राजनीतिक सङ्घर्ष हो। यो केही नेताहरू र पार्टीबीचको विषय मात्र होइन। यो मोर्चामा हामी आफ्नो विषय भन्न गम्भीरता र जवाफदेही प्रस्तुत गर्दछौं।

यो वार्तामा प्रचण्ड र सीके राउत दुईथरी अनुभवहरू छन् जसमा देश र जनताप्रति धोका भएको छ र आन्तरिक रूपमा सबै विषय छोडेर (आत्मसमर्पण गरेर) बाहिर नाटक प्रदर्शन गरिएको छ । पलायन र विश्वासघातलाई औपचारिकता प्रदान गर्न वार्ता गरिएको थियो। सरकार हामीसँग त्यही 'मोडेल' मा जान चाहन्थ्यो। हामीले लगातार अस्वीकार गर्‍यौं जसको कारण वार्ताका निम्ति भएका पूर्वप्रयासहरू असफल भएका थिए।

सरकारी रणनीति जनता र देशका विरुद्ध थियो। मित्र शक्तिहरू, बुद्धिजीवी सबैले सरकारलाई दबाब दिएका थिए । कतिपय मित्र शक्तिहरूले त ' विप्लवमाथिको प्रतिबन्ध हटाऊ, नत्र हामीलाई पनि जेल हाल' भनेका थिए। जहाँ सर्वहारावर्गीय भावना र दायित्व देखियो । संसदीय व्यवस्था, संविधान र सशस्त्र शक्ति प्रयोग गरेर, दबाबमा पारेर वार्तामा ल्याउने सरकारी रणनीति थियो । संसदीय व्यवस्था स्वीकार गर्ने भए प्रचण्डबाट विद्रोह गर्नै पर्दैनथ्यो किनकि हामी सबै त्यहीं नै थियौं। अहिले प्रचण्ड-नेपालले वली सरकारविरुद्ध सङ्घर्षको प्रस्ताव गरेका छन् तर संसद् पुनर्स्थापना उनीहरूको नारा छ जो पुनर्स्थापना भइसकेको छ । संसद् पुनर्स्थापना वा संसदीय निर्वाचन समाधान होइन। वलीको स्थानमा दाहाल, नेपाल वा देउवा ल्याउने हाम्रो साझा कार्यक्रम बन्न सक्दैन । त्यसप्रकारको नाराले कम्युनिस्ट पार्टीलाई संसद्वादको पुच्छर बनाउँछ । स्वतन्त्र धारा निर्माणको प्रक्रियालाई अवरुद्ध गर्दछ।

केपी वलीले प्रचण्डसँग सल्लाह गरेर प्रतिबन्ध

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# तीनबुँदे सहमतिबारे

गत फागुन २१ गते नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच तीनबुँदे सहमति सम्पन्न भएपछि त्यसबारे विभिन्न पक्ष र विभिन्न कोणबाट चर्चा तथा क्रिया-प्रतिक्रिया चलिरहेको छ। सरकार र कुनै पनि राजनीतिक शक्तिबीच हुने वार्ता र सहमति-सम्झौता आफैँमा महत्वपूर्ण विषय हो। त्यसमा पनि वर्तमान संविधानसँग असहमति जनाउँदै विद्यमान संसदीय व्यवस्थालाई अस्वीकार गरी नयाँ वैकल्पिक राज्यव्यवस्था निमार्णका लागि सङ्घर्ष गरिरहेको पार्टी र सरकारबीचको सहमतिबारे सर्वत्र चासो र जिज्ञासा हुनु स्वाभाविकै हो।

नेपालजस्तो देशमा हुने कुनै पनि सङ्घर्ष र क्रान्ति मात्र होइन, सहमति र सम्झौतालाई समेत वैदेशिक शक्तिसँग जोडेर हेर्ने र विश्लेषण गर्ने गरेको पाइन्छ। नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिको घोषणा गर्दा पनि सुरुआतमा केही तत्वहरूले यो पार्टी र क्रान्तिलाई पनि कुनै अदृश्य शक्तिको आड वा विदेशी शक्तिको साँठगाँठ र उक्साहटमा चलेको हो कि भन्ने आशङ्का गरेका थिए। नेकपामाथिको प्रतिबन्धपछि यसका उच्च स्तरका नेतादेखि देशभरिका विभिन्न नेता-कार्यकर्ता धमाधम गिरफ्तारीमा पर्न थाले। सुरक्षा निकायले उक्त पार्टीका अनेकौँ सामग्री र सूचना प्राप्त गऱ्यो। कतिपयले अब नेकपाका नेताहरूले सुरक्षाका लागि विदेशी भूमि प्रयोग गरेको हुनसक्ने आँकलन गरेका थिए। क्रान्तिकारीहरूले क्रान्तिको सफलताका लागि अनेकौँ सन्दर्भमा देशबाहिरबाट पनि आन्दोलनको नेतृत्व गरेका उदाहरण विश्व-राजनीतिक इतिहासमा उल्लेख्य छन्। त्यसैले त्यो अस्वाभाविक पनि होइन। तर नेकपाका कुनै पनि नेताहरू सुरक्षाका लागि विदेशी भूमिमा गएको पाइएन, बरु उनीहरू गिरफ्तार हुन तयार भए, मृत्युवरण गर्न तयार भए। पछिल्लो समयसम्म सरकार र सुरक्षा निकायसमेत नेकपाका कयौँ नेता-कार्यकर्ताहरू गिरफ्तारी र दमनको प्रतिरोध गर्दै विदेशतिर नलागेको बरु देशकै विभिन्न स्थानमा सुरक्षित रहेको निष्कर्षमा पुगे। कुनै पनि सूचना र सामग्रीले नेकपाको अन्य विदेशी शक्तिसँग अस्वाभाविक साँठगाँठ रहेको आधारसमेत देखिएन। यस अर्थमा यसले आफ्नै जनताको शक्तिमा आधारित भएर सङ्घर्षको नेतृत्व गरिरहेको स्पष्ट हुन्छ। नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच सहमतिका क्रममा पनि धेरै राजनीतिक पार्टी र विश्लेषकहरू आफ्नो जानकारीबिनै सहमतिमा पुगेकोमा आश्चर्य मानेका थिए। तीनबुँदे सहमति र त्यसको कार्यान्वयनले ल्याउने परिणामका बारेमा विभिन्न आँकलनहरू भइरहेको छ तर यो सहमतिका दुईवटा विषयमा भने प्रस्टताका साथ उल्लेख गर्न सकिन्छ।

पहिलो, नेपालको २००७ सालको सङ्घर्षदेखि जनयुद्धसमेतका प्रायः राजनीतिक सङ्घर्षका विषयमा वार्ता, समझदारी, सहमति-सम्झौताहरू विदेशी शक्तिको पहल, सक्रियता र मध्यस्थमा अझ विदेशी भूमिमा भएका छन्। राष्ट्र र जनताले यसको निकै ठूलो मूल्य चुकाउनु परेको इतिहास साक्षी छ। तर यो सहमति कुनै विदेशी शक्तिको सक्रियता र योजनामा नभएको स्पष्टै छ। दोस्रो, धेरैजसो सहमतिहरूमा औपचारिक रूपले केही र अनौपचारिक रूपमा केही सहमति भएको पाइन्छ। त्यसैले यो सहमतिका क्रममा पनि त्यस किसिमका अदृश्य सहमति पनि छन् कि भन्ने आशङ्का पनि कतिपयले गरेका छन्। जेजस्तो सहमति भए पनि देश र जनताबीच रहस्यको विषय बन्नु हुँदैन। तर यो सहमतिका सन्दर्भमा सार्वजनिक भएका तीन बुँदाबाहेक अन्य कुनै पनि किसिमको सहमति नभएको कुरा सरकार र नेपाल कम्युनिस्ट पार्टी दुवै पक्षबाट स्पष्ट भइसकेको छ। त्यसैले यो सहमति नेपाल सरकार र नेकपा दुवैको सचेत पहलको परिणाम हो। यो वर्तमान सन्दर्भमा राष्ट्रको आवश्यकता हो। भएको सहमतिका सकारात्मक पक्ष र सीमाका विषयमा विश्लेषण हुनुलाई अन्यथा मान्न सकिँदैन तर नभएका सहमतिका विषयलाई लिएर आधारहीन बहस गर्नु उपयुक्त हुँदैन। यतिबेला तीन बुँदामा उल्लिखित सहमतिलाई सरकार र नेकपा दुवै पक्षबाट जिम्मेवारीपूर्ण र इमानदारीपूर्वक कार्यान्वयन गर्नु आजको आवश्यकता हो।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ
– रातो खबर साप्ताहिक

# अर्थव्यवस्थाका आधारभूत तत्व



धर्मेन्द्र बास्तोला 'कञ्चन'

### उत्पादन सम्बन्ध र संस्कृति

उत्पादन सम्बन्धले जुन प्रकारको सामाजिक सम्बन्ध बनाएको हुन्छ त्यहीअनुसारको संस्कृति पैदा हुन पुग्छ। दासयुगमा पाइने संस्कृति र सामन्तवादी युगमा पाइने मानिसका संस्कृति बेग्लै थिए। दासयुगमा दासको परिवारमा जन्मेको मानिस दासमालिकका लागि खरिदबिक्री गर्न सकिने वस्तुका रूपमा प्रयोग गरिन्थ्यो। केवल नगरमा बस्ने नगरबासी जसलाई नागरिक भनिन्थ्यो, उनीहरू मात्र मानिस हुन् भन्ने मान्यता थियो। दासहरूमा पनि आफू दास भएको र मालिकका निम्ति बिक्री हुने वस्तु भएको स्वीकार गर्ने प्रवृत्ति हुन्थ्यो। त्यस समयको उत्पादन सम्बन्धले मानिसलाई दास संस्कृतिमा हुर्कने बनाएको थियो। सामन्ती युगमा पनि त्यही प्रकारले सामन्ती संस्कृति विकास भयो। यसप्रकारको संस्कृति त्यतिबेलाको उत्पादन सम्बन्धले प्रदान गरेको उपज हुन्थ्यो। शासक वर्गले जुन प्रकारको संस्कृति विकास गऱ्यो त्यही संस्कृति जनताको हुने भयो। त्यस्तैगरी पुँजीवादी व्यवस्थामा उपभोगवादी संस्कृति, पराधीनवादी संस्कृति, परजीवी संस्कृतिको विकास भएको छ र हरेक चीजहरू, विचार, सिद्धान्त, नीति, उत्पादन मरणासन्न अथवा कम समयका लागि टिक्ने अवस्थामा उत्पादन हुने गरेका छन्। त्यसको पछाडिको मुख्य कारण के हो भने पुँजीवादी उत्पादनमा पैदा हुने संस्कृति वस्तुको विकासको प्रक्रियाभन्दा उपयोग, उपभोग र मुनाफामा आधारित हुने गरेको छ जसले हरेक वस्तुको अस्तित्व, नीति, विधि र सामाजिक सम्बन्धहरूलाई अस्थायी र अस्थिर बनाइदिन्छ। यसप्रकारको संस्कृति पुँजीवादी संस्कृति हो जसमा मानवतावाद कम हुने गर्छ, मानवीय संस्कृतिको अभाव हुने गर्छ।

उत्पादनका साधनहरू हातमा हुने अवस्थामा मात्र उत्पादक शक्तिले वास्तविक मानवीय संस्कृतिको अभ्यास गर्न पाउँछ। मानिसले आफ्नो हातमा उत्पादनका साधनहरू प्राप्त गर्न सकेको छैन भने अथवा उत्पादनका साधनहरू उत्पादक शक्तिको हातमा हुने अवस्था पैदा हुन सकेन भने त्यो मानिस केवल दास हुनलायक हुन्छ। १८७० मा फर्डिनान्ड लासालले जर्मन मजदुर आन्दोलनका लागि जारी गरेको गोथा कार्यक्रमको पहिलो वाक्यांशमा भनिएको थियो, 'सबै सम्पत्ति र संस्कृतिको स्रोत भनेको श्रम हो।' त्यो कार्यक्रमको बयानमा निश्चित रूपले सतहमा श्रमलाई उच्च प्राथमिकता दिइएको थियो तर मार्क्सले यो भनाइमा सैद्धान्तिक गल्ती देख्नुभयो। उहाँले औँल्याउनुभयो- श्रमले सम्पत्ति र संस्कृति केवल उत्पादक शक्ति र उत्पादनका साधनहरूको समायोजनमा मात्र पैदा गर्न सक्छ। उत्पादनका साधनबिना र उत्पादनका साधनहरूको अधिकारबिना श्रमको के हविगत हुन्छ ? मार्क्सले सहज रूपमा औँल्याउनुभयो, 'जुन मानिसले आफ्नो श्रम शक्तिबाहेक अरू केही पनि सम्पत्ति आफ्नो बनाउन सक्दैन, सबै समाज र संस्कृतिमा, त्यो अरू ती मानिसहरूको दास भएको हुनुपर्छ जसले आफूलाई श्रमिकको मालिक बन्ने वस्तुगत अवस्था बनाइरहेका हुन्छन्। उसले उनीहरूको अनुमतिमा मात्र काम गर्न सक्छ र उनीहरूको अनुमतिमा मात्र जिउन सक्छ।'

दासयुगीन समाजको संस्कृति र सामन्तीयुगीन संस्कृति मालिकको सेवा गर्ने, उसको इच्छाअनुसार काम गर्ने र उसको इच्छाअनुसार जिउने अवस्थामा रहेको थियो। त्यस्तै बुर्जुवा वर्गले संस्कृतिलाई जडका रूपमा प्रस्तुत गर्छन् र त्यो समाजभन्दा बेग्लै तरिकाले स्थापित भएको देखाउन खोज्छन्। यस विषयमा गहिराइ बुझ्ने र कम्युनिस्ट दृष्टान्त दिने काम कम्युनिस्टले मात्र गरे। समाजवादी रुस र समाजवादी चीनको विकसित संस्कृति, मानिसबाट मानिसमाथि शोषण-उत्पीडनको अन्त्य गर्ने संस्कृति, महिला र पुरुष बराबर हुने संस्कृति, संसारका सबै मानिसलाई कुनै जात-जाति वा कुनै रङ्गभेद र वर्णभेद नगर्ने संस्कृति, समस्त मानव जातिका लागि 'वसुधैव कुटुम्बकम्' भन्ने संस्कृतिको विकास भएको थियो। अहिलेको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा समाजवादी संस्कृतिको गहिराइलाई विश्लेषण गर्ने कोसिस क्रान्तिकारी कम्युनिस्ट पार्टी संयुक्त राज्य अमेरिकाका अध्यक्ष बब एभाकियनले गर्नुभएको छ। एभाकियनले भन्नुभएको छ, 'यो कुरा सही हो, उदाहरणका लागि कलामा, संस्कृतिमा, हमेसा विषयहरूलाई यसरी प्रस्तुत गरिन्छ, उनीहरू वास्तविक वस्तुगत अवस्थाभन्दा फरक छन्।' त्यसमा प्रस्ट गर्दै उहाँले भन्नुभएको छ, 'यसबारेमा मार्क्सले आलोचनात्मक रूपमा गहिराइमा देख्नुभयो र जसरी उहाँले प्रस्तुत गर्नुभयो, सही कुरा समाजको आर्थिक उपरिसंरचनाभन्दा कदापि माथि हुन सक्दैन र त्यसबाट संस्कृतिको अवस्था निर्धारण हुन जान्छ। यो कुरा अर्को तरिकाले भन्नु पर्दा सही कुराहरू समाजले निर्धारण गरेको व्यवस्थाले, आर्थिक व्यवस्थाले, उत्पादन सम्बन्धले, राजनीति र कानुनजस्ता उपरिसंरचनाले, साथसाथै विचार र संस्कृतिले निर्धारण र नियन्त्रित गरेको हुन्छ जुन त्यो उत्पादनसम्बन्धबाट पैदा भएका हुन्छन् र त्यो उत्पादनसम्बन्धले सुदृढ गरेको हुन्छ।' पुँजीवादी संस्कृतिभन्दा समाजवादी संस्कृति उच्च हुनु, विकसित हुनु र मानव जातिका लागि निरन्तर विकास गर्न प्रेरणादायी हुनुको मुख्य केन्द्र त्यहाँको समाजवादी उत्पादन सम्बन्ध हो। उत्पादन सम्बन्धले संस्कृतिलाई निर्धारण गरेको हुन्छ।

पुँजीवादी संस्कृति उपभोगवादी संस्कृति हो। पुँजीवादमा मानिस पुँजीपतिका लागि केवल एउटा मानवमेसिन मात्र हो जसले पुँजीपति वर्गको मुनाफाका लागि उसको आदेश र अनुमतिले काम गर्छ र उसको कामका लागि जिउने गर्छ। त्यो अवस्थामा मानिस पुँजीपति वर्गका लागि केवल यस्तो उत्पादनको साधन हो जसले आफ्नो सामानको उत्पादनका लागि, उत्पादित सामान वितरणका लागि र वितरित सामान उपभोगका लागि प्रयोग हुने गर्छ। पुँजीपति वर्गको यो विकृत संस्कृतिका कारण समाजमा तमाम प्रकारका विकृति मौलाउन पुग्छन्। साम्राज्यवादी उत्पीडनले समाजको कला, साहित्य, संस्कृतिलाई त्यही प्रकारको प्रभाव पारेको हुन्छ जुन पुँजीवादी साम्राज्यवादी उत्पादन सम्बन्धले निर्धारण गरेको हुन्छ। 'कला र संस्कृतिका सन्दर्भमा साम्राज्यवाद भित्री सारदेखि नै सडेको हुन्छ। चोरी, डकैतीजस्ता आपराधिक क्रियाकलापहरू, हुल्लडबाजी र दुर्व्यसनी सङ्कटको समानुपातिकमा पुगेका हुन्छन्।' यसप्रकारका संस्कृति पुँजीवादमा किन हुर्कन्छन् ? किनभने पुँजीवादी उत्पादन सम्बन्धले मुनाफालाई पहिलो प्राथमिकतामा राखेको हुन्छ। मुनाफाका लागि उसले मानवताविरुद्ध जुनसुकै अपराध गर्नु बाध्यता हुन्छ। एरिक टाउसन्टले क्यङ्कोक्रेसी भन्ने पुस्तकमा लेखेका छन्, 'बेलायतको ठूलामध्येको एउटा बैङ्क एचएसबीसीले वार्षिक ४०० अर्ब डलर लागूपदार्थ व्यापारबाट कमाउने गर्छ। पुँजीवादी उत्पादन सम्बन्ध यसप्रकारको विकृत संस्कृतिको संवाहक हुन पुग्छ।

नेपालमा सामन्ती राजसंस्था हुँदा पैदा भएको संस्कृति, संसदीय व्यवस्था हुँदा अभिव्यक्त संस्कृति अत्यन्त विकृत, भद्दा र प्रतिगामी प्रकारको रहने गरेको थियो। दरबारिया र दरबारसँग जोडिएका मानिसहरूको मुख्य पेसा लागूपदार्थको तस्करी गर्ने, युवाहरूलाई दुर्व्यसनी बनाउने, गुण्डागर्दी र मानिसको हत्या गर्ने संस्कृति रहेको थियो। संसदीय व्यवस्था स्थापना भएपछि यसप्रकारको विकृति तीव्र रूपमा बढेको छ। सरकारनजिक भएका मानिसहरू हत्या, हिंसा, तस्करी, भ्रष्टाचार, अन्याय, अत्याचार, षड्यन्त्र, बलात्कार, देशका प्राकृतिक स्रोतहरूको चोरी, बेचबिखन, पर्यावरण विनाशजस्ता तमाम विकृतिहरू पैदा गर्न र त्यसलाई प्रोत्साहित गर्न संलग्न भएका छन्। संसद्वादीहरूले साम्राज्यवादी संस्कृतिको अनुसरण गर्दै देशमा वेश्यालय खोल्न, यौनधन्दा गर्न युवतीहरूलाई बाध्य पार्ने, छोरीचेलीहरू विदेशी बजारमा बिक्री गर्ने, नेपाली चेलीहरू बलात्कार गर्ने, कतिलाई बलात्कार गरी हत्या गर्नेजस्ता प्रतिगामी संस्कृति मौलाएको छ। यसप्रकारको संस्कृति प्रतिक्रियावादी राज्यव्यवस्थाको मानक बनेको हुन्छ।

नेपालको दलाल पुँजीवादी व्यवस्थामा साम्राज्यवादको चाकरी गर्नु र त्यसको भरमा आफूलाई सत्तामा सर्वेसर्वा बनाइराख्नु गौरवको विषय मानिन्छ। जनताका क्षेत्रमा यही संस्कृतिलाई प्रोत्साहित गरिन्छ। बढी खर्च गर्न पाएकोमा गौरव गर्ने, राष्ट्रिय सम्पत्ति व्यक्तिगत दोहनमा लगाउने दलाल पुँजीवादी शासक वर्गको संस्कृति हुने गरेको छ।

देशमा काम नगर्ने, विदेशमा जुनसुकै काम गर्न पनि अग्रसर हुने, विवशतापूर्वक आफ्नो श्रम पुँजीपतिका लागि बिक्री गर्ने, विवशतापूर्ण जीवनयापन गर्ने दासत्ववादी संस्कृति बनेको छ। अन्यायका विरुद्ध विद्रोह गर्नेभन्दा प्रतिरक्षात्मक बन्दै जाने, राज्यव्यवस्थाले पैदा गरेका समस्याहरूलाई आफ्नो भाग्यको जिम्मा लगाउन प्रोत्साहित गर्ने संस्कृति नेपालका दलाल पुँजीवादीहरूमा देखापर्छ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने लेनिनले भन्नुभएको थियो, 'जो उत्पीडित मानिस उत्पीडित भएर अन्यायका विरुद्ध हतियार उठाउन तयार हुँदैन, यो दासका रूपमा व्यवहार गर्न लायक हुन्छ।' दास र मानिसका बीचको अन्तर सांस्कृतिक अन्तर हो र त्यो कुन प्रकारको उत्पादन सम्बन्ध स्थापना गर्न सङ्घर्ष गर्ने भन्ने कुराले निर्धारण गर्छ।

कुनै पनि समाजमा रहेको संस्कृति त्यस समाजको उत्पादन सम्बन्धको कलात्मक अभिव्यक्ति हो। नेपाल र भारतको सामन्वयवादी उत्पादन सम्बन्धले प्रकृतिपूजनको संस्कृतिबाट वीर मानिसहरूको पूजा गर्ने संस्कृतिमा विकास गऱ्यो। आफ्नो समयका महापुरुषहरूलाई भगवान्‌का रूपमा पूजा गर्ने संस्कृति भारतवर्षमा रह्यो। यही संस्कृति इसाई र इस्लामपन्थीहरूले अपनाएको पाइन्छ। तर उत्पादनसम्बन्धको विकासअनुसार यसप्रकारका रीतिरिबाजमा फरक पाइन्छ। विभिन्न देश र महादेशहरूमा पाइने संस्कृति आधारभूत रूपमा त्यहाँको उत्पादन सम्बन्धका कलात्मक अभिव्यक्ति हुन्।

जब समाजवादी व्यवस्थाले अन्तर ष्ट्रिवादको विकास गर्नेछ संसारभरका मानिसहरू एकै स्थानमा रमाउने उत्पादन सम्बन्ध र संस्कृति बन्नेछ। समाजवादी संस्कृतिमा श्रम न केवल जीवनको साधन (कमाउने र जिउने माध्यम) बन्नेछ तर यो जीवनको मुख्य माग पनि बन्नेछ। सम्पूर्ण विश्वले पूर्ण रूपले नयाँ झलक, नयाँ सोचाइ, नयाँ संस्कृति, नयाँ रीतिरिवाज प्राप्त गर्नेछ र सर्वहारा वर्गको नयाँ वैचारिक आचरण सम्पूर्ण मानिसको मानकका रूपमा साझा व्यवहार भएर आउनेछ। त्यसमा माओले भन्नुभएको थियो, 'विश्व-साम्यवादको महत्वपूर्ण समयमा त्यतिबेला पुग्नेछन् जब सम्पूर्ण मानिसहरूले स्वेच्छिक र सचेत रूपले आफैँलाई र विश्वलाई बदल्नेछन्।' समाजवादी संस्कृति त्यतिबेला विस्तृत र व्यापक रूपमा विकास हुनेछ जब उत्पादक शक्ति र उत्पादनका साधनहरू एक ठाउँमा आउनेछन्। मानिस स्वयम् श्रम र औजारको मालिक हुने र समाजको विकास र उन्नतिमा श्रमको बिक्री गरी पुँजीपतिको आदेशमा जिउने साधनका रूपमा नभएर उसको स्वेच्छिक, सचेत र नैतिक कर्तव्य हुनेछ।

### मानिसको चेतना

हामीले माथि चर्चा गऱ्यौँ- उत्पादन सम्बन्धले सामाजिक सम्बन्धको निर्धारण गर्छ। त्यो सामाजिक सम्बन्धले समाजको समग्र संस्कृतिको निर्धारण गर्छ र त्यो संस्कृतिले आफ्नो नीतिअनुसारको चेतना पैदा गर्छ। जस्तो प्रकारको उत्पादन सम्बन्ध सामाजमा रहेको हुन्छ त्यहीअनुसारको सामाजिक सम्बन्ध र त्यो सामाजिक सम्बन्धले पैदा गरेको चेतना समाजमा विकास भैरहेको हुन्छ। दासयुगीन समाजमा होस् वा सामन्ती युगमा होस्, पुँजीवादी युगमा होस् वा समाजवादी युगमा मानिसको चेतनाले जुन प्रकारको समाज रहेको अवस्था छ त्यही प्रकारको उत्पादन सम्बन्धलाई सहयोग गर्ने र त्यसमा सुधार गर्ने चेतना विकास भएको हुन्छ। दासयुगमा सामान्यतया समाजमा दासयुगको सुधार गर्ने, सामन्ती युगमा त्यही युगलाई सुधार गर्ने र पुँजीवादी युगमा त्यही प्रकारको समाजलाई सुधार गर्ने चेतना सामान्यतया मानिसहरूमा पाइन्छ।

ईश्वर, पाप, पुण्य, परलोक, स्वर्ग, नर्क, दासयुगीन समाजका चेतना हुन्। त्यस्तै राजा, महाराजा, सामन्त, महासामन्त, सामन्ती युगको चेतनाबाट पैदा भएका संस्थाहरू हुन्। पुँजीवादी समाजको चेतनाले दासयुगीन चेतना र सामन्ती युगीन चेतनालाई विस्थापित गर्छ। समाजवादी चेतनाले पुँजीवादी चेतनालाई पनि विस्थापित गर्छ र मानिसको चेतना पहिलेको भन्दा विकसित र उन्नत प्रकारको बन्दै जान्छ। दासमालिकहरू र त्यसप्रकारको उत्पादन सम्बन्धलाई प्रोत्साहित गर्ने मानिसले मानिसलाई दास बनाइरहनका लागि ब्रह्माण्ड, विश्व, प्राणीजगत्, मानिस, समाज तथा मानिसको दशा ईश्वरीय शक्ति अथवा विराट् चेतनाले निर्माण गरेको प्रचार गरे। मार्क्सले संश्लेषण गर्नुभएको थियो, 'मानिसको अस्तित्वको निर्धारण गर्ने उनीहरूको चेतना होइन तर त्यसको ठीक विपरीत जुन कुराले चेतनाको निर्धारण गर्छ त्यो सामाजिक अस्तित्व हो।' समाजको विकासको विशिष्ट अवस्थाले मानिसको विशिष्ट र विकसित चेतना पैदा गर्छ। पुरानो उत्पादन सम्बन्ध नयाँ विकासका लागि अवरोधक भएपछि उत्पादक शक्ति नयाँ अवस्था निर्माण गर्नका लागि वैचारिक, दार्शनिक, राजनीतिक एवम् सङ्गठनात्मक रूपले खडा भएर उठ्न पुग्छ। नयाँ प्रकारको समाज वास्तवमा पुरानो समाजको गर्भमा विकास भैरहेको हुन्छ र त्यसले एउटा विशिष्ट अवस्थामा नयाँ समाजको जन्म दिन्छ। पुँजीवादी उत्पादन सम्बन्ध समाजको उत्पादक शक्तिको समग्र विकासको बाधक बन्न थाल्यो भने त्यसको विस्थापन गर्ने चेतना मानिसमा पैदा हुन पुग्छ। त्यसले समाजमा क्रान्तिको आवश्यकता पैदा गर्छ र क्रान्तिको जन्म हुन पुग्छ।

यही प्रकारको विशिष्टता हामीले नेपालको राजनीतिक विकासमा पनि देख्न सक्छौँ। नयाँ परिघटनाहरू पुरानो समाजको गर्भबाट पैदा हुने गरेका हुन्छन्। केन्द्रीकृत शासनप्रणाली, विकेन्द्रित शासनप्रणाली, क्षेत्रीय सामन्तवाद, केन्द्रीकृत सामन्तवाद, दलाल पुँजीवाद मानिसका लागि तत्कालीन उत्पादन सम्बन्धबाट पैदा भएका सांस्कृतिक मानकहरू हुन्। नेपालका सन्दर्भमा

... बाँकी पृष्ठ ३ मा

# अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय समितिको बैठक सम्पन्न

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले आफ्नो केन्द्रीय समितिको बैठक यही चैत्र ३ गते सम्पन्न गरेको छ। २०७७ चैत्र २ र ३ गते भएको महासङ्घको केन्द्रीय समितिको बैठकमा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्र्टीका केन्द्रीय सचिवालय सदस्य एवं पार्टी प्रवक्ता प्रकाण्ड, मजदुर सङ्गठनका फ्याक्सन इञ्चार्ज तथा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् उपत्यका विशेष ब्युरो इञ्चार्ज मिलनसमेतको उपस्थिति रहेको थियो।

विश्व श्रमिक समुदायका श्रमिकहरू, उत्पीडित श्रमिजीवी वर्ग र समुदायले १३२औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने परिवेशको सन्दर्भमा महासङ्घ नेपाली श्रमिकहरूको माझमा एउटा क्रान्तिकारी ट्रेड युनियन महासङ्घको ब्यानरमा उपस्थित भएको साथै विगत वर्तमान र तात्कालीन परिस्थितिको अनुभूतिले झन् नयाँ प्रणका साथ ट्रेड युनियन आन्दोलनको क्रान्तिकारी राजमार्गको प्रवाहमा आफूलाई उभ्याएको महशुस गरेको महासङ्घले जनाएको छ। साथै महासङ्घको उक्त बैठकले लिएका निर्णयहरूले श्रमिकहरूको अवस्था, दैनिकी र भविष्यप्रति गम्भीर बन्न प्रेरित गरेको समेत प्रष्ट पारेको छ।

उक्त सन्दर्भमा महासङ्घले आफ्नो सातौँ राष्ट्रिय सम्मेलनको समेत तय गरेको साथै सो सम्मेलनलाई महासङ्घले दलाल संसदीय सत्ताको अनेक भ्रमबाट श्रमिकहरूलाई ब्युँझाउने, विद्यमान रहेको बेरोकटोक रोजगार कटौती, असमानजनक कानुनी प्रावधान, विदेश पलायन र विभिन्न परिघटनाहरूसँग अभिन्न जोडिएको मजदुरको मुद्दामा आफूलाई तत्काल केन्द्रित गर्ने, वैज्ञानिक समाजवाद स्थापना गर्ने दिशामा श्रमिकहरूसँगै अघि बढ्ने शर्तमा केन्द्रित गर्ने निचोड लिएको समेत सम्मेलन आयोजक समितिका संयोजक विनोद थापाले एक प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरेका छन्।

# जनताका पक्षमा कलम चलाउने उत्साह बोकेर कार्यक्षेत्रमा फर्किए सहभागीहरू

**अम्बिका चन्द/काठमाडौं**

सूचना, सन्देश र विचारको माध्यमबाट श्रमजीवी जनताका पक्षमा कलम चलाउने उत्साह बोकेर काठमाडौँबाट तीसभन्दा बढी पत्रकार बाहिरिएका छन्। रातो खबर प्रकाशन गृह र जनपत्रकार सङ्गठनको संयुक्त आयोजनामा काठमाडौँमा आयोजित तीनदिने आधार भूत जनपत्रकरिता तालिममा सहभागी पूर्वी क्षेत्रका युवा पत्रकारहरू वर्गीय पक्षधरताका आधारमा आफूलाई आम श्रमजीवी शोषीत-पीडित वर्गका पक्षमा कलम चलाउने उत्साह र प्रतिबद्धता बोकेर राजधानीबाट कार्यक्षेत्रमा फर्किएका हुन्।

पत्रकारिता तालिममा सहभागी एक प्रशिक्षार्थी पत्रकारले तालिम समापनसत्रमा भने, 'पत्रकारिता त ठूलो विश्वविद्यालय रहेछ। म यहाँ लिएका ज्ञान व्यवहारमा उतार्न प्रयत्न गर्नेछु।'

नेपालमा निगम पुँजीवादद्वारा सञ्चालित बिग हाउसहरूले नेपाली सञ्चारमाध्यममा एकछत्र रजाइँ गरिरहेको बेला श्रमिक वर्गको मुक्ति र राष्ट्रिय स्वतन्त्रताका पक्षमा जनताका आवाज मुखरित गर्ने प्रयत्नस्वरूप रातो खबर प्रकाशन गृह र जनपत्रकार संगठनले आधारभूत पत्रकारिता तालिम सञ्चालन गरेका हुन्। आधुनिक समाजमा साम्राज्यवादी सञ्चारपद्धतिले एकाधिकार कायम गरिरहेको अवस्थामा जनपक्षीय सञ्चारमाध्यमहरूको भूमिकालाई अझै उचाइमा उठाउने उद्देश्यले रातो खबर प्रकाशन गृह र जनपत्रकार सङ्गठनले जनपक्षीय सञ्चारकर्मी उत्पादन गर्न नारायणीदेखिपूर्वका जिल्लाहरूबाट काठमाडौँमा सहभागी प्रशिक्षार्थीलाई प्रशिक्षित गरेका हुन्। चैत २ गतेबाट ४ गतेसम्म काठमाडौँमा जनपत्रकारिता तालिम आयोजना गरिएको थियो।

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा हाम्रो ऐक्यबद्धता, मानवअधिकारको रक्षा र सामाजिक उत्तरदायित्वका लागि जनपत्रकारिता' नारासहित सम्पन्न तालिमको उद्घाटनसत्रमा नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र वास्तोला 'कञ्चन' ले वर्तमान राज्यप्रणालीमा आमूल परिवर्तन नभएसम्म प्रेस स्वतन्त्रता सम्भव नभएको भन्दै राज्यसत्ताको परिवर्तनका

लागि जनपक्षीय पत्रकारहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए। वर्तमान संसदीय व्यवस्थामा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको




विषयमा सन्तुलन नमिलेको भन्दै बास्तोलाले पत्रकार हरूले त्यसतर्फ गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए।

काठमाडौँको बागबजारमा उद्घाटन भई गौशालामा समापन भएको तीनदिने तालिममा प्रशिक्षार्थीहरूलाई प्रशिक्षित गर्दै रातो खबर प्रकाशनगृहका पूर्वनिर्देशक अनिल शर्माले समाजमा पत्रकारिता पनि वर्गीय पक्षधरताका आधारमा हुने बताए। उनले जनपक्षीय पत्रकारहरूले निर्वाह गर्ने भूमिका आमश्रमजीवी सर्वहारा वर्गका पक्षमा हुनुपर्नेमा जोड दिए। विश्वभरि पत्रकारिताका क्षेत्रमा हैकम जमाएको साम्राज्यवादी धारको विरोधमा जनपक्षीय धार बलियो बन्दै गएको समयमा नेपालमा पनि जनपक्षीय पत्रकारिताको क्षेत्र फराकिलो बन्दै गएको र यसको भूमिकालाई उचाइमा पुऱ्याउनुपर्ने बताए।

तालिममा मिसन पत्रकारिताका बारेमा लामो व्याख्या गर्दै रातो खबरका पूर्वनिर्देशक गुणराज लोहनीले पत्रकारितालाई विशुद्ध व्यावसायिक भनेर नारा दिइए पनि साम्राज्यवादले यसलाई बृहत् मिसन र व्यापारमा परिणत गरेको बताए। उनले पत्रकारिता निकै शक्तिशाली र चुनौतीपूर्ण पेसा भएको बताउँदै पत्रकारितामा २ वटा पक्ष हाबी भएको र जनपक्षीय पत्रकारिताले मोर्चाको नेतृत्व गर्नुपर्ने बताए।

कार्यक्रममा धौलागिरिबाट सहभागी प्रशिक्षार्थी उषा मगरले युद्ध-पत्रकारिता र पत्रकारिताका विषयमा तालिममा आएर धेरै कुरा बुझ्न पाएको भन्दै विगतमा जनयुद्धका मोर्चाहरूमा लडिरहँदा भएको अनुभूति भन्दा पत्रकारिता तालिममा भएको अनुभूति नितान्त फरक रहेको बताइन्।

यस्तै म्याग्दीबाट तालिममा सहभागी रेडियोकर्मी बादल शाहीले तालिमले नयाँ अनुभूति गराएको भन्दै यसबाट सिकेका कुरा व्यवहारमा लागू गर्ने बताए। मकवानपुरबाट तालिममा सहभागी दीपक लामाले तालिमबाट सिकेका कुरा कार्यक्षेत्रमा लागू गर्ने प्रतिबद्धता जनाए। तालिम लिन झापाबाट काठमाडौँ आएका खगेन्द्र सिटौलाले झापाबाट आएर तालिम लिन पाउनु आफ्नो जीवनकै ठूलो उपलब्धि भएको बताए। काठमाडौँका क्रिस अर्यालले फेसबुकका भित्ताहरूमा मात्र नभएर मिसन पत्रकारिता गर्ने पत्रकारहरूले पत्रकारिताको माध्यमबाट आफ्नो वर्गीय चरित्र देखाउन सक्नुपर्ने बताए।

अग्रज पत्रकार सुदर्शनराज पाण्डेले आफूले जानेका कुराहरू व्यवहारमा प्रयोग गर्नुपर्ने भन्दै जनपक्षीय पत्रकारिता गर्नेहरू विशेष चनाखो हुनुपर्ने बताए। समाजमा पत्रकारिताका क्षेत्रमा आएका विभिन्नखाले विकृतिलाई जनपक्षीय पत्रकारिताका माध्यमबाट चिर्नुपर्ने बताए।

तालिममा सहभागी प्रशान्त तामाङले तालिमले आधारभूत हिसाबले समाचार बनाउन सक्ने बनाएको भन्दै पत्रकारिता निकै ठूलो विश्वविद्यालय भएको अनुभूति राखे।

तालिमको समापन गर्दै

... बाँकी ७ पेजमा

# महासङ्घले मनायो २३ औँ सांस्कृतिक प्रतिरोध दिवस

**खोमा तरामु/बुटवल**

नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको आयोजनामा बुटवलमा '२३ औँ सांस्कृतिक प्रतिरोध दिवस' कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।

कार्यक्रममा नेकपाका नेता एवम् रणनीतिक संयुक्त मोर्चाका केन्द्रीय सदस्य भेषराज भुसालले पार्टी आत्मसमर्पण गर्न वार्तामा नआएको बताए। नेता भुसालले आफ्नो पार्टीका नेता-कार्यकर्तालाई तत्काल रिहा गरेर दुई पक्षबीच भएको ३ बुँदे सहमति इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्ने बताएका थिए। भुसालले दलाल पुँजीवादी संस्कृतिको अन्त्यका लागि दलाल राज्यसत्ता अन्त्य हुनुपर्ने पनि बताए।

राजनीतिक विश्लेषक दिल साहनीले कुनै पनि परिवर्तन, आन्दोलन, क्रान्ति सम्पन्न गर्न सांस्कृतिककर्मीहरूको महत्वपूर्ण भूमिका रहने भएकाले प्रतिक्रियावादी राज्यसत्ताले जहिल्यै पनि सांस्कृतिककर्मीहरूलाई नरुचाउने बताए।

कार्यक्रममा युवा सङ्गठन नेपालका महासचिव सागरले पुरानो छाडा संस्कृति र दलाली संस्कारविरुद्ध निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरे। सागरले युवा सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलनमा दलाल संस्कार र संस्कृतिविरुद्ध महत्वपूर्ण निर्णयहरू गर्ने पनि बताएका थिए।

कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासंघको केन्द्रीय टोली सामना परिवार र क्षितिज सांस्कृतिक परिवारले विशेष जनवादी गीतसंगीत र नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा स्रष्टाहरूले राष्ट्रियता, जनगणतन्त्र, जनजीविका तथा वैज्ञानिक समाजवादका पक्षमा महान् सांस्कृतिक सहिदहरूको सम्झनामा सिर्जित कविता, जनवादी गीत र हास्यव्यङ्ग्य प्रस्तुत गरेका थिए।

सामना परिवारका संयोजक सरल माझीको सञ्चालनमा भएको कार्यक्रमको अध्यक्षता महासङ्घका महासचिव खेम थपलिया, प्रमुख अतिथि नेकपाका नेता तथा रणनीतिक संयुक्त मोर्चाका केन्द्रीय सदस्य भेषराज भुसाल र स्वागत महासङ्घका लुम्बिनी ब्युरो संयोजक तथा अखिल नेपाल लेखक सङ्घका महासचिव खोमा तरामु मगरले गरेका थिए।

# नेकपा पाल्पाद्वारा वीरबलको निधनप्रति हार्दिक श्रद्धाञ्जली

**काठमाडौँ।** नेपाल कम्युनिस्ट पार्टी पाल्पाले महान् जनयुद्धका एक कर्मठ, अथक र निष्ठावान् योद्धा गीरबहादुर थापा 'वीरबल' को असामयिक निधले मर्माहत तुल्याएको बताएको छ।

इन्चार्ज प्रवीण र सेक्रेटरी प्रभातले वक्तव्यमार्फत वीरबलको असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन्।

शोक वक्तव्यमा भनिएको छ, 'रैनदेवी छहरा १ पाल्पा निवासी गीरबहादुर थापा 'वीरबल' को असामयिक निधनले हामीलाई मर्माहत तुल्याएको छ। महान् जनयुद्धका एक कर्मठ, अथक र निष्ठावान् योद्धा कमरेड वीरबलप्रति हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ।'

थापाको उपचारका क्रममा मङ्गलबार बिहान ४ बजे लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा निधन भएको थियो।

# युवा सङ्गठन दोगडाको भेला

**बैतडी।** नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपाल बैतडी दोगडा केदार गाउँपालिकाको भेला सम्पन्न भएको छ।

भेलामा प्रमुख अतिथि नेकपा बैडीका जिल्ला सेक्रेटरी लक्ष्मण, विशिष्ट अतिथि युवा सङ्गठन नेपाल सेती-महाकाली ब्युरो सदस्य तथा बैतडी जिल्ला अध्यक्ष दिलीप, अतिथि प्रवासी नेपाली जनसमाज भारतका अनुभव र नेकपा दोगडा केदार गापाका इन्चार्ज आजाद रहेका थिए।

खोचलेकमा आयोजित भेलाले दीपकको अध्यक्षतामा ११ सदस्यीय दोगडा केदार गाउँपालिका समिति गठन गरेको सङ्गठनले जनाएको छ।

# जातीय विभेदको समस्या आमश्रमजीवी जनताको समस्या हो : दीपक

**काठमाडौँ।** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा वार्ता टोली सदस्य उदयबहादुर चलाउने 'दीपक' ले नेपाल, भारतलगायत केही दक्षिणएसियाली राष्ट्रहरूमा रहेको जातीय छुवाछूतको समस्या आमश्रमजीवी जनताको समस्या रहेको बताएका छन्।

काठमाडौँको वसन्तपुर डबलीमा सोमबार ५६ औँ अन्तर्राष्ट्रिय जातीय रङ्गभेद दिवसका अवसरमा संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति, दलित गैरसरकारी संस्था महासङ्घ, संयुक्त दलित जातीय सङ्घर्ष समिति, जातीय विभेद विश्व मञ्च र युथ एड्भोकेसीलगायतले आयोजना गरेको कार्यक्रमलाई दीपकले सम्बोधन गरेका हुन्।

उनले जबसम्म सर्वहारा वर्गको राज्यसत्ता निर्माण हुन सक्दैन, त्यो समयसम्म सर्वहारा वर्गको उन्मुक्ति हुन नसक्ने बताए। नेकपा अहिले संसदीय व्यवस्थामा आएको नभई वैज्ञानिक समाजवाद कि संसदीय व्यवस्था हुने भन्ने विषयमा जनमत सङ्ग्रहमार्फत राजनीति निकास निकाल्नुपर्ने बेला आएको उनले बताए।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता र विभिन्न दल निकट सङ्गठनका नेता, कार्यकर्ता र विभिन्न सङ्घसंस्थाका मानिसको उल्लेखनीय रूपमा उपस्थिति रहेको थियो।

# सहिद स्मृति तथा ११ औँ शिक्षक दिवस

**काठमाडौँ।** नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल शिक्षक सङ्गठन रूपन्देहीले शिक्षक सहिद खड्कबहादुर देवकोटा स्मृति दिवस तथा बलिदान दिवस मनाएको छ। सहिद स्मृति दिवस तथा ११ औँ शिक्षक दिवसका सन्दर्भमा समसामयिक शैक्षिक तथा पेसागत सवालमा समीक्षा गर्नुका साथै सहिदहरूको सम्झना पनि गरिएको छ।

अखिल नेपाल शिक्षक सङ्गठन रूपन्देहीको आयोजनामा भएको कार्यक्रममा विभिन्न वक्ताहरूले सङ्गठनमा आबद्ध रहेर सहिदहरूका सुन्दर सपना पूरा गर्नको निमित्त जस्तोसुकै कठिन र अप्ठ्यारा परिस्थितिहरूको पनि सामना गर्ने बताएका थिए। साथै शैक्षिक क्षेत्रमा देखिएका विभिन्न माफियाकरण र व्यापारीकरणको पनि अन्त्य गर्ने वक्तहरुले बताए।

सङ्गठनका जिल्ला उपाध्यक्ष अर्जुनप्रसाद पोखेलको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रीय अध्यक्ष घनश्याम पाठकको प्रमुख आतिथ्य रहेको थियो। जिल्ला सचिव दीपक बन्जाडेको सञ्चालनमा आयोजित कार्यक्रममा उपाध्यक्ष दिलीप बेलबासेले स्वागत मन्तव्य राखेका थिए।

# सेती–महाकालीमा बिसु जनसांस्कृतिक परिवार पुनर्गठन र विधागत प्रशिक्षण

**काठमाडौँ :** नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले बिसु जनसांस्कृतिक परिवार पुनर्गठन गर्दै एकमहिने विधागत प्रशिक्षण कार्यक्रम सुरुआत गरेको छ।

ब्युरो इन्चार्ज प्रशान्तको प्रमुख आतिथ्यमा सम्पन्न बिसु परिवार पुनर्गठन तथा विधागत प्रशिक्षण कार्यक्रममा प्रमुख विधागत प्रशिक्षकका रूपमा जनसांस्कृतिक महासङ्घका कोषाध्यक्ष आरोह नेपालीको उपस्थिति थियो।

कार्यक्रममा विमल, आरोह र प्रशान्तले सम्बोधनका क्रममा बिसु जनसांस्कृतिक परिवारले सधैँ नेपालको राजनीतिक तथा सांस्कृतिक आन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरूको सम्झना गर्दै वर्तमान समयमा हाबी भइरहेको दलाल पुँजीवादी संस्कृतिको अन्त्य गरी नयाँ वैज्ञानिक समाजवादी संस्कृति निर्माणको निमित्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका थिए।

कार्यक्रममा ब्युरो कार्यालय सचिव प्रकाश, जिल्ला इन्चार्ज विमल, कमल, किरण, प्रतीकलगायतको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा सुरेन्द्रको अध्यक्षता रहेको थियो भने गोविन्द विश्वकर्माले सञ्चालन गरेका थिए।

# युवा सङ्गठन कालीकोटको एरिया भेला सम्पन्न

**काठमाडौँ।** युवा सङ्गठन नेपाल कालीकोट एरिया नम्बर २ को भेला सम्पन्न भएको छ। भेला विपीनको अध्यक्षता र सङ्गठनका कालीकोट जिल्ला अध्यक्ष आत्मा क्षेत्रीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

भेलामा विशेष अतिथिहरू नेकपाका भेरी-कर्णाली ब्युरो सदस्य विराट, नेकपाका कालीकोट जिल्ला सेक्रटरी पदम विक 'साहसी', स्कुलिङ विभागका सदस्य किरण, युवा सङ्गठन नेपालका उपाध्यक्ष कल्पना मल्ललगायतको उपस्थिति थियो।

भेलामा प्रमुख अतिथि आत्मा क्षेत्रीले विद्यमान सरकारले पैदा गरेको भ्रष्टाचार, कमिसन, सामाजिक विकृतिका विरुद्ध युवा सङ्गठन नेपाल लड्ने बताए। कार्यक्रमका विशेष अतिथि विराटले नेपाली जनताले त्याग, बलिदान गरेको माओवादी पार्टी र नेता प्रचण्डले दलाल पुँजिवादमा गरेको आत्मसमर्पणबाट संसदीय पुँजीवादी सङ्घीय लोकतान्त्रिक व्यवस्थामा लिएको आर्थिक क्रान्ति र वाम एकता ध्वस्त भएको बताउँदै आफ्नो पार्टीले क्रान्तिको अधुरो कार्यभार पूरा गर्ने दाबी गरे। वैज्ञानिक समाजवादी व्यवस्था नै अहिलेका सबैखाले सङ्कट समाधानको उपाय भएकाले यसका लागि संयुक्त मोर्चा कसेर अगाडि बढ्न सबैलाई अपिल पनि गरे।

नेकपा कालीकोट सेक्रेटरी पदम विक 'साहसी' ले देशमा अहिलेको सङ्कटको मूल जरो दलाल पुँजीवादी संसद्वादी सङ्घीय लोकतान्त्रिक व्यवस्था भएको बताए। अर्का वक्ता किरण र कल्पनाले भेला सफलताको शुमकामना दिएका थिए। भेलामा स्थानीय जनसमुदायको उलेख्य सहभागिता रहेको जानकारी आयोजकले दिएको छ।

# अखिल (क्रान्तिकारी) द्वारा सिफ्ट मर्ज तथा स्थानान्तरणको विरोध

**पोखरा।** पृथ्वीनारायण क्याम्पस पोखराले बिहानी पठनपाठनमा रोक लगाएर बिहानी पढाइ दिउँसो सिफ्ट गरेको जानकारी दिएसँगै विभिन्न तहबाट विरोध भइरहेको छ।

यसैबीच सिफ्ट मर्ज तथा स्थानान्तरण गरिएको विरोधमा नेकपा निकट अखिल (क्रान्तिकारी) कास्की पीएन जिल्ला समितिले विरोधस्वरूप क्याम्पस प्रवेशद्वारमा ब्यानर टाँसेको छ। विद्यार्थीको पठनपाठनमा गम्भीर असर र असुविधा खडा हुने भएकाले त्यसको विरोधका साथै बिहानी तथा दिवा दुवै सिफ्टमा पढाइ हुनुपर्ने संगठनको माग रहेको पीएन जिल्ला समितिका अध्यक्ष उपेन्द्र परियारले बताए।

अखिल (क्रान्तिकारी) पीएन जिल्ला समितिले टाँसेको ब्यानरमा उल्लेख भएअनुसार पृथ्वीनारायण क्याम्पस ऐतिहासिक महत्व बोकेको पश्चिमाञ्चलकै ठूलो शैक्षिक केन्द्रका रूपमा रहेको गरिब तथा श्रमजीवी जनताका छोराछोरी अध्ययन गर्ने उत्कृष्ट क्याम्पस हो। क्याम्पसमा विद्यार्थीको चाहनाविपरीत प्रतिकूल हुने गरी गरिएको सिफ्ट मर्जको घोर भर्त्सना गर्दै बिहानी र दिवा दुवै सिफ्टमा पठनपाठन गराउन जोडदार मागसमेत गरिएको छ।

**सहकारी संस्थाहरूलाई ब्याज पुँजीकरण नगर्ने सम्बन्धमा**

**सहकारी विभागको सूचना**

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन नपाइने व्यवस्था रहेको बेहोरा विदितै छ। तदनुसार सहकारी संस्था, सङ्घ वा बैङ्कले आफूले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई साउँ रकममा जोडी ब्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ।

अन्यथा कानुनबमोजिम कारबाही गरिने व्यहोरासमेत जानकारी गराइन्छ।

**सहकारी विभाग**

# मजदुरको सङ्गठन विस्तार तीव्र

**काठमाडौँ ।** अखिल नेपाल क्रान्तिकारी सङ्घसंस्था श्रमिक सङ्घले काठमाडौँमा सम्मेलन सम्पन्न गरेको छ । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका संयोजक विनोद थापाको प्रमुख आतिथ्यमा सङ्घसंस्था श्रमिक सङ्घको काठमाडौँ जिल्ला सम्मेलन सम्पन्न भएको हो । कार्यक्रममा विशेष अतिथिका रूपमा उपत्यका क्षेत्रीय विशेष समन्वय समितिका संयोजक शिशिर थापा उपस्थित थिए ।

प्राप्त समाचारअनुसार जिल्ला सम्मेलनले वीरेन्द्रसिंह थापाको नेतृत्वमा ११ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । महासङ्घका केन्द्रीय सदस्य ईश्वर बुढाथोकीले दिएको जानकारीअनुसार सङ्गठनको उपाध्यक्षमा भुवन थापा, सचिव राम हिताङ (क), कोषाध्यक्ष जानकी रावल, सहकोषाध्यक्ष महेन्द्र बर्मा, कमला डीसी, शिव बोगटी, राम बन्जाडे, दीपक बुढाथोकी, सचिन बुढाथोकी र राम हिताङ (ख) रहेका छन् ।

सङ्गठनले सङ्घसंस्था क्षेत्रमा व्याप्त न्यून पारिश्रमिक प्रणाली, नो वर्क नो पे, हायर एन्ड फायर जस्ता मजदुर हितविरोधी कानुनी प्रावधानविरुद्ध सशक्त सङ्घर्ष गर्ने र कोभिड १९ ताका भएको गैरन्यायिक ढङ्गको बेरोजगार रोजगार कटौती र उत्पन्न बेरोजगारी समस्यामा तत्काल केन्द्रित हुने सम्मेलनमा सहभागी प्रतिनिधिले बताएका छन् ।

यसैगरी महासङ्घको अर्को पेसागत सङ्घ अखिल नेपाल क्रान्तिकारी अटोमोबाइल्स श्रमिक सङ्घ काठमाडौँ जिल्लाले पनि आइतबार काठमाडौँमा जिल्ला भेला सम्पन्न गरेको छ ।

ठाकुप्रसाद लामिछाने अध्यक्ष रहने गरी बैठकले ९ सदस्यीय काठमाडौँ जिल्ला कार्यसमिति चयन गरेको जानकारी सङ्घका अध्यक्ष रमेश बस्नेतले रातो खबरलाई दिए । नवगठित काठमाडौँ जिल्ला समितिमा उपाध्यक्ष प्रकाश राना, सचिव दिनेश चन्द, कोषाध्यक्ष मनोज श्रेष्ठ, सहकोषाध्यक्ष रामराजा थापा, सदस्यमा सुरेन्द्र श्रेष्ठ, सञ्जीव बखती, सिद्दिमान पुदुवार र गोपाल महर्जन रहेका छन् ।

त्यस्तै महासङ्घको पहलमा अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ ललितपुरले पनि सम्मेलनको तयारी तीव्र पारेको जानकारी महासङ्घको ललितपुर जिल्ला अध्यक्ष राजकुमारले रातो खबरलाई दिएका छन् ।

# युवा सङ्गठन नेपालको गण्डकी ब्युरोस्तरीय प्रशिक्षण

**गोरखा ।** नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपालको गण्डकी ब्युरोस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

गोरखाको सिरानचोकमा बिहीबार सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा गण्डक ब्युरो इन्चार्ज उमा भुजेल 'शिलु' ले वर्तमान राजनीतिक अवस्था, प्रतिबन्ध फुकुवापछिको पार्टीको कार्यक्रम, एकीकृत जनक्रान्तिमार्फत देशमा वैज्ञानिक समाजवाद कसरी ल्याउने र त्यसका लागि युवाहरूको भूमिका के हुने भन्ने विषयमा प्रशिक्षण दिएकी थिइन् ।

इन्चार्ज भुजेलले नेपाल कम्युनिस्ट पार्टीले देशमा जसरी पनि वैज्ञानिक समाजवाद ल्याइछाड्ने र त्यसमा नेपाल कम्युनिस्ट पार्टी पूर्ण रूपमा सफल हुने बताइन् । उनले युवाहरूलाई पार्टी नेतृत्वप्रति विश्वास गर्न आग्रह गर्दै निःस्वार्थ रूपले एकीकृत जनक्रान्तिमा लामबद्ध हुन आह्वान गरिन् । उनले विगतमा प्रचण्ड बाबुरामले क्रान्तिलाई बीचैमा छोडेर दलाल र असफल संसदीय व्यवस्थामा रमाउँदै देश, जनता र क्रान्तिप्रति गद्दारी गरेजस्तो आफूहरू र वर्तमान नेकपाको नेतृत्वले नगर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

प्रशिक्षणकै क्रममा उनले वार्ता भएर प्रतिबन्ध फुकुवा भएको सहज परिस्थितिमा सङ्गठन निर्माणमा विशेष जोड पुऱ्याउन निर्देशन पनि दिइन् ।

उक्त प्रशिक्षणमा गण्डक ब्युरोअन्तर्गतका सम्पूर्ण जिल्लाबाट पार्टी जिल्ला इन्चार्ज, सेक्रेटरीलगायतको उपस्थिति रहेको जनाइएको छ ।

# युवा सङ्गठन र अखिल क्रान्तिकारी अभियानमा

**काठमाडौँ ।** अखिल (क्रान्तिकारी) र युवा सङ्गठन देशव्यापी सङ्गठन निर्माणमा जुटेका छन् । युवा सङ्गठनको आगामी जेठ १४-१६ गते दाङमा र विद्यार्थीको जेठ १-४ गतेसम्म काठमाडौँमा हुने राष्ट्रिय सम्मेलन सफल पार्न युवा र विद्यार्थी सङ्गठन देशभर साङ्गठनिक काममा जुटेका हुन् ।

यसैबीच अखिल (क्रान्तिकारी) ले कपिलवस्तुमा विद्यार्थी भेटघाट अभियानलाई तीव्रता दिएको छ भने कैलालीमा सङ्गठन विस्तार अभियान तीव्र पारिएको छ ।

प्राप्त समाचारअनुसार अखिल क्रान्तिकारीले पूर्वी कमान्डअन्तर्गत महोत्तरीका श्री जनता माध्यमिक विद्यालय र कृषि प्राविधिक शिक्षालयमा तेजनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको छ । त्यस्तै अखिल क्रान्तिकारी नवलपुरले साङ्गठनिक अभियानका सिलसिलामा निजी विद्यालयहरूले उठाइरहेको चर्को शुल्कविरुद्धको आन्दोलनमा ऐक्यबद्धता जनाउन विद्यार्थी भेटघाट गरेको छ ।

यता भक्तपुरको मध्यपुर ठिमी नगरपालिकास्थित गणेश माविमा राजेन्द्र नेपालको अध्यक्षतामा १९ सदस्यीय समिति निर्माण गरिएको छ । काठमाडौँको एनआर कलेजमा सङ्गठन निर्माण भएको समाचारमा जनाइएको छ ।

यस्तै कैलाली, भक्तपुर चितवन, बर्दिया, रुकुमलगायत विभिन्न जिल्लामा पनि अखिल (क्रान्तिकारी) ले सङ्गठन निर्माण, पुनर्गठन र विस्तार अभियानलाई तीव्रता दिएको छ ।

यसैबीच कैलालीमा युवा सङ्गठन नेपालको सङ्गठन विस्तार अभियानलाई तीव्रता दिइएको छ । सङ्गठन विस्तार अभियानअन्तर्गत जिल्लाको धनगढी उपमहानगरपालिकामा अनिलको अध्यक्षतामा १५ सदस्यीय नगर समिति गठन गरिएको छ । कार्यक्रममा अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य बबरजङ्ग सिंह, युवा सङ्गठन नेपालका जिल्ला संयोजक पुष्प भट्ट 'ओम', नेपाल कम्युनिस्ट पार्टी कैलाली जिल्ला सदस्य एवम् नगर सेक्रेटरी अडान, युवा सङ्गठनका दीपकलगायत नेता-कार्यकर्ताको सहभागिता रहेको थियो ।

# झापा र सनुसरीमा युवा सङ्गठन नेपालको बैठक सम्पन्न

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीको मेची-कोसी ब्युरोअन्तर्गत झापा र सुनसरीको युवा सङ्गठन नेपालले जिल्ला बैठक सम्पन्न गर्दै विभिन्न निर्णयहरू सार्वजनिक गरेको छ ।

पार्टीका जिल्ला सचिव श्रीजङ्गको प्रमुख आतिथ्य, युवा सङ्गठन नेपालका ब्युरो संयोजक नुलुकको आतिथ्य तथा युवा सङ्गठन नेपाल झापाका कार्यवाहक अध्यक्ष विज्ञानको अध्यक्षतामा झापाको दमकमा बैठक सम्पन्न भएको हो ।

बैठकले पुरानो जिल्ला कार्यसमिति भङ्ग गर्दै जिल्ला सम्मेलन आयोजक समिति बनाउने निर्णय गरेको छ । साथै युवा सङ्गठनले जिल्लाभित्र युवक-युवतीहरूमा देखिएका विकृतिविसङ्गतिको भण्डाफोर गर्दै लागूपदार्थ तथा देहव्यापारका विरुद्ध सङ्गठन सशक्त ढङ्गले लागिपर्ने युवा सङ्गठनले जनाएको छ । जिल्ला सम्मेलनसँगै भित्तेलेखन र प्रचारप्रसारमा पनि लागिपर्ने जानकारी संगठनले दिएको छ ।

यता ब्युरोअन्तर्गतको सुनसरी जिल्लामा भने युवा सङ्गठन नेपालको जिल्ला सम्मेलन आयोजक समितिको बैठक बस्दै निरज सुवेदीको संयोजकत्वमा ११ सदस्यीय आयोजक समिति निर्माण गरेको छ ।

जिल्ला इन्चार्ज रुसको उपस्थितिमा भएको बैठकले वैशाख २० गते सदरमुकाम इनरुवामा सम्मेलन सम्पन्न गर्ने निर्णयसमेत गरेको छ ।

# कैलालीको घोडाघोडीमा नेकपाको जनसभा सम्पन्न

■ आशिष कुमार चौधरी/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुनले आफू बलिदान गर्न तयार रहेको तर नझुक्ने बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी घोडाघोडी नगर समितिद्वारा आयोजित जनसभालाई सम्बोधन गर्दै आफ्नो पार्टी देशको राष्ट्रिय स्वाधीनताको रक्षा र जनताको अधिकार स्थापित गर्न एकीकृत जनक्रान्तिमा लामबद्ध रहेको जनाउँदै जनताको अधिकार स्थापित गर्न बलिदान गर्न तयार रहेको बताएका हुन् ।

शान्तिपूर्ण रूपमा जनताको अधिकारका लागि सङ्घर्ष गरिरहेको बेला सरकारले प्रतिबन्ध लगाएको स्मरण गराउँदै उनले प्रतिबन्ध लगाएर तीन महिनाभित्र नेकपालाई सिध्याउने सपना देखेका पात्रहरूको सपना चकनाचुर भएको पनि बताए । उनले भने, 'केही संसद्वादीहरू, केही दलालहरूले नेकपालाई प्रतिबन्ध लगाएर तीन महिनाभित्र सिध्याएर आफ्नो लुटको स्वर्ग बचाउन सकिन्छ कि भन्ने सपना देखेका थिए तर उनीहरूको त्यो सपना चकनाचुर भएको छ ।'

प्रतिबन्धको औचित्य पुष्टि गर्न नसकेपछि सरकारले बाध्य भएर वार्ता गरेको उनले बताए । आफ्नो पार्टी वार्ताको सहमति इमानदार भएर पालना गरिरहेको भए पनि सरकार इमानदार नभएको उनले भनाइ थियो । उनले भने, 'अहिलेसम्म पनि हाम्रो पार्टीका नेता-कार्यकर्ता जेलमै छन् । घरमा पक्राउ पुर्जी टाँसिएका छन् । यसले सरकार सहमतिप्रति इमानदार नभएको देखाउँछ ।'

आफू पनि ८ महिना जेल बसेर आएको स्मरण गराउँदै उनले क्रान्तिकारीहरूलाई जेल, नेल र यातनाले गलाउने सपना नदेख्न सरकारलाई चेतावनी दिए । वार्तामा भएको सहमतिमा हतियार र सेना व्यवस्थापनको बुँदा खोई भनेर काङ्ग्रेसले अनावश्यक कुरा गरेको भन्दै उनले काङ्ग्रेसले कुन हतियार र युद्धको कुरा गरेको हो भनी प्रतिप्रश्न गरे । हतियार र सेनाभन्दा पनि जनताको अधिकारको कुरा, देशको रक्षाको कुरा हो भन्दै उनले देश र जनताका समस्या समाधान नभए देशमा फेरि पनि विद्रोह हुने ठोकुवा गरे ।

सभामा नेकपाका थारुवान जनपरिषद् प्रमुख रामबहादुर थारुले आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्न माग गरे । संसदीय व्यवस्थाले जनजातिलाई भोट बैङ्कका रूपमा मात्र दुरुपयोग गरिरहेको जनाउँदै उनले थारू अधिकारका लागि वैज्ञानिक समाजवाद स्थापना हुनुपर्ने धारणा राखे ।

सभामा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो संयोजक वीरेन्द्र शाह, महिला नेत्री सुनितालगायतले सम्बोधन गरेका थिए ।

नगर इन्चार्ज भरत शाहको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन विद्यार्थी नेता बबरजङ्ग सिंहले गरेका थिए भने स्वागत मन्तव्य श्याम सापकोटाले राखेका थिए

## तीनदिने आधारभूत ....

रातो खबर प्रकाशन गृह प्रालिका निर्देशक बसन्त श्रेष्ठले पत्रकारिता समाजको ऐना भएको र पत्रकारिताले देश र जनतालाई कस्तो बनाउने भन्ने विषयको नेतृत्व गर्ने बताए । उनले जनपक्षीय पत्रकारिताका क्षेत्रमा काम गर्ने सयौँ पत्रकार उत्पादन गर्न र दर्जनौँ अनलाइनहरू सञ्चालन गर्नुपर्ने बताए ।

रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले पत्रकारिताले समाजलाई सूचना प्रदान गर्ने मात्र नभएर सूचना, शिक्षा, चेतना, मनोरञ्जन र उत्प्रेरणा दिने भएकाले नयाँ समाज व्यवस्था निर्माणका लागि महत्वपूर्ण भूमिका हुने बताए । जनपक्षीय पत्रकारिता गर्नेहरूले गरिब, निमुखा र उत्पीडित श्रमजीवी जनताका पक्षमा आवाज बुलन्द पार्नुपर्ने उनको भनाइ थियो । दलाल पुँजीवादी व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गराउने अभियानमा जनपक्षीय पत्रकार रहेको कमम बोकेका सिपाहीको काम गर्नुपर्ने धारणा उनले राखे ।

वर्गीय समाजमा कुनै पनि सञ्चारमाध्यम वर्गीय पक्षधरताभन्दा बाहिर रहनसक्ने अवस्था नरहेको अवस्थामा सत्ताको वरिपरि रहने सञ्चारमाध्यमले जहिले पनि सत्ताको पक्षपोषण गर्दछ । त्यस्तै सत्ताबाहिर रहने सञ्चारमाध्यमले श्रमजीवी जनताका पक्षमा बोल्ने प्रयत्न गरिरहेको हुन्छ । यही सिलसिलामा नेपालमा जनपक्षीय पत्रकारिताको भूमिकालाई अझ उचाइ प्रदान गर्नका लागि रातो खबर प्रकाशन गृहले बेलाबेलामा यसकिसिमका तालिमहरू आयोजना गर्दै आएको छ भने यसपटक पनि काठमाडौँ र कैलालीमा दुईवटा आधारभूत पत्रकारिता तालिम आयोजना गरेको छ । कैलालीमा पचासजना हाराहारी युवाले जनपक्षीय पत्रकारिता तालिम लिँदैछन् ।

# अखिल (क्रान्तिकारी) केन्द्रीय समितिलाई कपिलवस्तुमा बिदाइ

**कपिलवस्तु ।** अखिल (क्रान्तिकारी) केन्द्रीय समितिको पाँचौं बैठक समापनपछि नेपाल कम्युनिस्ट पार्टी र अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो तथा कपिलवस्तु जिल्ला समितिको संयुक्त आयोजनामा बिदाइ कार्यक्रम सम्पन्न भएको छ ।

नेकपाका महासचिव विप्लवको उपस्थितिमा कपिलवस्तुमा भएको केन्द्रीय समितिको पाँचौं बैठकले चिरञ्जीवी ढकालको संयोजकत्वमा ३८ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरी २२ औं राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न गर्ने निर्णय गरेको हो ।

अखिल (क्रान्तिकारी) को २२ औं राष्ट्रिय सम्मेलन आगामी जेठ १ गतेदेखि ४ गते सम्म काठमाडौंमा हुने भएको छ ।

# नेकपाद्वारा पाल्पाको माथागढीमा विभिन्न कार्यक्रम सम्पन्न

**पाल्पा ।** नेपाल कम्युनिस्ट पार्टी पाल्पाले एकीकृत जनआधार अभियानअन्तर्गत माथागढीमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ ।

माथागढीको किसान माविमा कुलबहादुर चिदीको अध्यक्षतामा २३ सदस्यीय विद्यार्थी एकाइ समिति गठन गरिएको छ । सोही स्थानका युवा एकाइ समितिलाई जिल्ला इन्चार्ज प्रवीणले भलिबल र नेटसमेत प्रदान गरेका छन् ।

# नेकपा सेती-महाकाली ब्युरोद्वारा तिमिल्सिनाप्रति श्रद्धाञ्जली व्यक्त

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा समाजवादी राष्ट्रिय बौद्धिक मञ्चका संयोजक रामप्रसाद तिमिल्सिनाका बुवा नवराज तिमिल्सिनाको ८१ वर्षको उमेरमा भएको असामयिक निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

ब्युरो इन्चार्ज प्रशान्तले शोक वक्तव्यमार्फत पञ्चदेवल विनायक नगरपालिका वडा नं. ३ अछामस्थित आफ्नै निवासमा भएको असामयिक निधनको खबरले पार्टीलाई दुःखी बनाएको भन्दै मृतक बुवा नवराज तिमिल्सिनाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दुःखको घडीमा शोकाकुल परिवारजन तथा आफन्तप्रति गहिरो समवेदना व्यक्त गरेका छन् ।

ब्युरो इन्चार्ज प्रशान्तले शोक वक्तव्यमा भनेका छन्, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा समाजवादी राष्ट्रिय बौद्धिक मञ्चका संयोजक कमरेड रामप्रसाद तिमिल्सिनाका आदरणीय बुवा नवराज तिमिल्सिनाको ८१ वर्षको उमेरमा पञ्चदेवल विनायक नगरपालिका वडा नं. ३ अछामस्थित आफ्नै निवासमा हिजो भएको असामयिक निधनको खबरले हाम्रो पार्टीलाई दुखित बनाएको छ । उहाँको निधनबाट हाम्रो पार्टीले जनयुद्धकालदेखिको एक कुशल अभिभावक गुमाएको छ । हाम्रो पार्टी मृतक आदरणीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दुःखको यस घडीमा शोकाकुल परिवारजन तथा आफन्तप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

# राजनीतिक वैचारिक प्रशिक्षण तथा बैठक सम्पन्न

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीको रुकुम जिल्ला त्रिवेणी गाउँ समितिस्तरीय राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रम तथा बैठक भव्य रूपले सम्पन्न भएको छ ।

त्रिवेणी गाउँ समितिका इन्चार्ज असीमको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि रोल्पा जिल्ला सेक्रेटरी शोभाराम राना, अतिथिहरू रोल्पा नगर समितिका इन्चार्ज प्रभात, दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष सेवक, रुन्टीगढी गाउँ समितिका पूर्वइन्चार्ज सन्देश, जनसत्ता प्रमुख वेदबहादुर खड्का, युवा सङ्गठन रोल्पाका जिल्ला सहसचिव टीकाराम राना, जनमुक्ति सेनाका पूर्वकमान्डर सङ्ग्राम, हिरासत जीवन बिताएर आएका जीवन, समुद्रलगायत दस वर्षको जनयुद्धमा आबद्ध भएका व्यक्तिहरूको उपस्थिति थियो ।

उक्त बैठकका सहभागीले आआफ्नो रिपोर्टसहित जिज्ञासा राखेका थिए भने अतिथिहरूले मन्तव्य राखेका थिए । कार्यक्रममा उठेका प्रश्नमा आधारित रहेर प्रमुख अतिथि शोभाराम रानाले आफ्नो भनाइ राख्दै प्रतिबन्ध फुकुवा भइसकेपछि अब शक्ति सञ्चित गर्दै एकीकृत जनक्रान्तिका कार्यदिशामार्फत आमजनताको माझ पार्टीको राजनीतिक, वैचारिक तथा साङ्गठनिक, आर्थिक र सङ्घर्षका कार्यक्रमहरू सशक्त रूपमा बढ्ने बताए ।

करिब एक सयजना नेता-कार्यकर्ताको उपस्थिति रहेको उक्त बैठकमा स्वागत मन्तव्य युवा सङ्गठन त्रिवेणीका अध्यक्ष प्रेम ओली 'सौरभ' ले राखेका थिए भने सञ्चालन त्रिवेणी गाउँ समितिका सेक्रेटरी भावुकले गरेका थिए ।

# अखिल (क्रान्तिकारी) मकवानपुरको नवौँ बैठक सम्पन्न

**हेटौँडा ।** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) मकवानपुरको ९ औँ पूर्ण बैठक हेटौँडा क्याम्पसमा सम्पन्न भएको छ ।

नेकपा मकवानपुरका जिल्ला इन्चार्ज राम घलान 'वाटर' प्रमुख अतिथि र नारायणी ब्युरो जवस प्रयासन इन्चार्ज विकास वली विशेष अतिथि र अखिल (क्रान्तिकारी) नारायणी ब्युरो संयोजक प्रकाश जप्रेल अतिथि रहेको बैठकले यही चैत २५ गते हुने जिल्ला सम्मेलन र आगामी जेठ २ देखि सुरु हुने राष्ट्रिय सम्मेलन सफल पार्न सङ्गठनलाई अझै क्रियाशील बनाउने निर्णय गरेको छ ।

बैठकमा प्रमुख अतिथि वाटरले सम्मेलन सफल बनाउन सङ्गठनको सम्पूर्ण शक्ति लगाउन आग्रह गरे । उनले पार्टी र सङ्गठनको विचार, सिद्धान्त र कार्यदिशालाई आमजनतासम्म पुऱ्याई एकीकृत जनक्रान्ति सम्पन्न गराउने दिशामा लामबद्ध गराउन पनि आग्रह गरे । बैठक अखिल (क्रान्तिकारी) मकवानपुर जिल्ला अध्यक्ष विवेक घलानको अध्यक्षतामा बसेको थियो ।

# शिक्षक बलिदान दिवस मनाइयो

**काठमाडौँ ।** शिक्षक सहिद खड्ग देवकोटा स्मृति दिवस आइतबार देशैभर मनाइएको छ । नेकपा निकट शिक्षक सङ्गठनले चैत ८ गते शिक्षक बलिदान दिवसका रूपमा मनाउँदै आएको छ ।

नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीबीच रणनीतिक मोर्चा बनेपछि ती पार्टी निकट शिक्षक सङ्गठनहरूले संयुक्त रूपमा शिक्षक बलिदान दिवस मनाएका छन् ।

ती पार्टी निकट अखिल नेपाल शिक्षक सङ्गठन, अखिल नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र नेपाल प्रगतिशील शिक्षक युनियनले संयुक्त रूपमा शिक्षक बलिदान दिवस मनाएका हुन् ।

यसै क्रममा काठमाडौँमा सम्पन्न कार्यक्रममा अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय महासचिव रमेश रूपाखेती, अखिल नेपाल शिक्षक राष्ट्रिय शिक्षक सङ्गठनको केन्द्रीय उपाध्यक्ष सपना राजभण्डारी, केन्द्रीय सचिव विष्णु आले र बागमती प्रदेश संयोजक शिव श्रेष्ठ विशेष उपस्थित थिए ।

कार्यक्रम अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष अर्जुन लामिछानेको अध्यक्षता र जिल्ला सचिव श्याम तामाङको सञ्चालनमा सम्पन्न भएको थियो ।

# युवा सङ्गठन काठमाडौँको बैठक सम्पन्न

**काठमाडौँ ।** युवा सङ्गठन नेपाल काठमाडौँ जिल्ला समितिले समाजमा युवामा विद्यमान विकृति-विसंगतिविरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ ।

बैठकले जिल्ला सम्मेलन गर्ने, अहिले समाजमा भइरहेका विकृति, विसंगतिविरुद्ध सङ्घर्ष गर्ने निर्णय पनि गरेको जनाइएको छ ।

युवाहरू विदेशी संस्कृतिप्रति आकर्षित भइरहेको र समय खेर फालिरहेको ठहर गर्दै बैठकले संसदीय व्यवस्थाको असफलताका कारण विकृति मौलाएको निष्कर्ष पनि निकालेको हो । यो व्यवस्था हटाएर वैज्ञानिक समाजवाद स्थापनाका लागि जनमत सङ्ग्रह माग गर्नुपर्ने बैठकको निष्कर्ष रहेको छ ।

बैठकको प्रमुख अतिथि युवा सङ्गठन नेपालका ब्युरो इन्चार्ज प्रविन धामी र विशिष्ट अतिथिका रूपमा नेपाल कम्युनिस्ट पार्टी काठमाडौँका सचिव तुलसी उपस्थित थिए ।

# अखिल (क्रान्तिकारी) कञ्चनपुरको संयोजकमा एसके

**कञ्चनपुर ।** अखिल (क्रान्तिकारी) ले काठमाडौँमा हुने राष्ट्रिय सम्मेलनको तयारीलाई विशेष जोड दिने गरी जिल्लामा सङ्गठन विस्तार, शुद्धीकरण गर्ने र सम्पूर्ण व्यवस्थापनको पाटोलाई समाल्ने गरी ललित एसकेको संयोजकत्वमा १९ सदस्यीय आयोजक समिति गठन गरेको छ ।

बैठकमा प्रमुख अतिथि पार्टी जिल्ला इन्चार्ज आकाशले देशकै समग्र परिस्थिति आफूहरूले भनेको ठाउँमा पुगेकाले एकीकृत जनक्रान्तिको कार्यदिशा सफल हुने र अबको एक मात्र विकल्प भनेकै वैज्ञानिक समाजवाद भएको बताएका थिए ।

त्यसैगरी सङ्गठनका सेती-महाकाली ब्युरो इन्चार्ज वीरेन्द्र शाहले राष्ट्रिय सम्मेलनलाई एकदम भव्य, सभ्य र सुसंस्कृत बनाउन सबैले आआफ्नो तहबाट दृढताका साथ लाग्न निर्देशन गरेका थिए ।

अखिल (क्रान्तिकारी) जिल्ला अध्यक्ष ललित एसकेको अध्यक्षतामा बसेको उक्त बैठकमा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बबरजङ्ग सिंहलगायत जिल्लाका पदाधिकारी र सदस्यको सहभागिता रहेको थियो ।

समालोचना

# सपनाको भञ्ज्याङतिर : मुक्तिशिखरको यात्रामा गुन्जिएका स्वरहरू



अशोक सुवेदी

## परिभाषा

नेपाल प्रज्ञाप्रतिष्ठानको बृहत् नेपाली शब्दकोशमा निबन्धको परिभाषा यसरी गरिएको छ : कुनै विषयलाई कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा । त्यस्तै हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईद्वारा सम्पादित प्रयोगात्मक नेपाली शब्दकोशमा निबन्धलाई कुनै वस्तु, विचार वा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको एक विधा, प्रबन्ध भनिएको छ । त्यसैगरी नेराप्रप्रको शब्दकोशमा संस्मरणको परिभाषा यसरी दिइएको छ : बराबर सम्झना आउने बितेका दिनको कुरो, मीठो प्रकारको सम्झना, मधुर स्मृति । राम्रोसित वा बरोबर सम्झना गर्ने काम, नाम जपाइ, संस्मृति । पुरानो घटना, वस्तु, महत्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्वपूर्ण कुराको उल्लेख, कथन वा रचना । त्यसैगरी प्रयोगात्मक नेपाली शब्दकोशमा भनिएको छ : बारम्बारको सम्झना, स्मृति । मीठो सम्झना, मधुर सम्झना । अनुभव, यात्रा आदिका आधारमा लेखिएको साहित्यिक रचना ।

नियात्राका बारेमा प्रज्ञाप्रतिष्ठानको बालकृष्ण पोखरेलको सम्पादनमा निस्किएको बृहत् नेपाली शब्दकोशमै भनिएको छ : यात्रा निबन्धको औपन्यासिक वा उपख्यानात्मक रूप । यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध । प्रज्ञाको कोशमा धर्काचित्रका बारेमा भनिएको छ : धर्काचित्र भनेको साहित्यका क्षेत्रमा श्रव्यकाव्यमा गद्यफाँटअन्तर्गत कथाभन्दा भिन्न खालको एक रूप ।

प्राडा नन्दीश अधिकारीले 'लालबस्तीको यात्रा' पुस्तकको भूमिकामा रेखाचित्रबारे वाल्टरको क्याम्ब्रिज एड्भान्स लर्नर डिक्सनरी उल्लेख गर्दै भनेका छन् : निबन्ध, कथा, संस्मरणको मिश्रण भएको साहित्यिक रचना हो ।

यी परिभाषामा डायरीलेखन समेटिएको छैन । डायरी पनि निजात्मक निबन्धको एक महत्वपूर्ण विधाका रूपमा अघि आएको छ ।

यी परिभाषाहरू उद्धरण गर्नुको तात्पर्य र अन्तर्य खोमा तरामु मगरको हालै प्रकाशित निबन्धात्मक कृति 'सपनाको भञ्ज्याङतिर' कृतिको विधागत अवस्थिति खोतल्नु हो ।

## पृष्ठभूमि

माथि नै उल्लेख भइसकेको छ- निबन्धका विविध आयामहरू छन् । निबन्ध तुलनात्मक रूपमा सिर्जनाका अन्यभन्दा निर्बन्ध विधा हो तर लेखनशैली र विषयवस्तु चयनमा निर्बन्ध भए पनि यो विचारबाट भने अवश्य निर्बन्ध छैन । नेपाली साहित्यमा प्रसस्तै लेखिएको तर मार्क्सवादी साहित्यमा कहिले बाढीजसरी उहापोह लेखिँदै र कहिले खहरेजसरी सुक्दै गएको विधा हो निबन्ध । प्रतिध्रुवीय कित्तामा यो विधाले निरन्तरता नै पाइरहे पनि मार्क्सवादी धारामा भने अन्य विधामा झैँ यसको त्यति निरन्तरता र एउटै गति देखिँदैन । राजनीतिक-सांस्कृतिक प्रतिक्रान्ति, मूल्यहरूको विघटन, आदर्शहरूको स्खलन र नयाँ क्रान्तिले गति लिँदै गरेका कारण मार्क्सवादी धार विशाल र वेगवान् बनेर प्रतिगामी र यथास्थितिवादी धारलाई कुल्चिँदै अघि बढिरहेको र सडेगलेको, फोहोर मिसिएको ढलजस्तै बनेको प्रतिध्रुवीय कित्ता चर्पीनजिकको मूलाझैँ मौलाएको अवस्थामा त्यसको असर सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि परेको छ । त्यसैले मार्क्सवादी धारमा सिर्जना र संस्कृतिका हरेक विधा आस्था, विचार-अस्मिता जोगाएर जरुवा पानीजस्तै एउटा मन्द गति र प्रवाहमा वहेको पाइन्छ भने प्रतिध्रुव्रीय कित्ता दुर्गन्ध र विनाससहित छ्यालब्याल भएर बगेको अवस्था छ ।

## उठान

नेपालको मार्क्सवादी साहित्यमा विगतका तुलानामा यस सदीको पचास र साठीको दशकमा निबन्ध विधा अत्यन्त फस्टायो । त्यसपछि सुस्ताएको निबन्ध विधाले सत्तरीको दशकको मध्यसम्म खासै गति लिन सकेको देखिँदैन । सत्तरीको दशकको मध्यबाट भने यसले अलि गति समातेको छ । यही यात्राको एउटा उत्कर्षका रूपमा आएको छ शिखरको यात्राका क्रममा चौतारी र भञ्ज्याङ बनेर खोमा तरामु मगरको संस्मरण र डायरीपरक निजात्मक शैलीको निबन्धसङ्ग्रह- सपनाको भञ्ज्याङतिर ।

हाल मार्क्सवादी साहित्यमा निबन्ध विधा फुटकर लेखनमा मात्र सीमित बन्दै गएको अवस्था छ । यस्तो अवस्थामा सङ्ग्रह नै फेलापर्नु भनेको बगर वा मरुभूमिमा पानीको मूल भेट्नुस्तै दुर्लभ घटना हो । यो दुर्लभता चिर्दै निजात्मक निबन्धहरूको सङ्ग्रह सपनाको भञ्ज्याङतिर लिएर आएका हुन् युवा मार्क्सवादी स्रष्टा खोमा तरामु मगर । मार्क्सवादी युवा कविको परिचय बनाएका खोमा यो संस्मरणात्मक निबन्धसङ्ग्रहमा पनि कवितामा जस्तै अब्बल ठहरिएका छन् । स्रष्टा र कृति दुवै सफल देखिन्छन् । शीर्षकमा बहस गर्ने ठाउँ भए पनि अधिकांश निबन्धहरू अब्बल छन् र विचार, भाषाशैली, विषय, परिवेश, समकालीनतालगायत समग्र पक्षमा कृति उद्देश्यपूर्ण र सफल छ । यसका लागि स्रष्टा बधाईका पात्र छन् ।

## विकास

राजनीतिक र सांस्कृतिक कर्म एकापसमा अन्तरसम्बन्धित छन् । समाजमा विद्यमान वर्ग र वर्गहरूका बीचको सङ्घर्षको क्रम र गतिसँगै सांस्कृतिक कर्म पनि गतिशील हुन्छन् । सिर्जना पनि सांस्कृतिक कर्म हो । सांस्कृतिक कर्मले जमेको तलाउमा तरङ्ग उत्पन्न गरिदिने कर्म पनि गर्छ । गतिहीन समाजलाई गतिशील बनाउन र राजनीतिक परिवर्तनपछि आत्मिक रूपान्तरणका लागि पनि सांस्कृतिक कर्म (आन्दोलन र रूपान्तरण) को उत्तिकै महत्व छ । संसारकै वर्गसङ्घर्षहरूमा मार्क्सवादी सांस्कृतिक आन्दोलनहरूले वर्गसङ्घर्षलाई उठाउन र उपलब्धिहरूलाई संस्थागत गर्न अमूल्य योगदान दिएका छन् । नेपालमा पनि निरन्तर जारी वर्गसङ्घर्षमा सांस्कृतिक आन्दोलनको ठूलो योगदान र महत्व छ ।

निकट इतिहासलाई केलाउँदा नेपालमा पचास र साठीको दशकमा झन्डै एघार वर्षसम्म सञ्चालित महान् जनयुद्धको समयमा सांस्कृतिक आन्दोलनले वर्गसङ्घर्षको अग्रभागमा रहेर महत्वपूर्ण मोर्चा समालेको थियो । त्यसमा राजनीतिसँगै कला, साहित्य, संस्कृतिका सबै स्वरूपहरू क्रियाशील थिए । मानिसको जीवनमै आमूल परिवर्तनका लागि सतहमा जनयुद्धले र गहिराइमा सांस्कृतिक आन्दोलनले एक रथका दुई पाङ्ग्रा भएर मोर्चा समालेका थिए तर नेतृत्वका केही पात्रको महापतन, दलाली र गद्दारीपछि जनयुद्धको पनि पतन भयो र जनयुद्धले स्थापना गरेका राजनीतिक, वैचारिक, सांस्कृतिक सबै उपलब्धि धूलीसात भए । प्रतिगमन दलाल पुँजीवाद बनेर नेपाल र नेपालीको राजनीति र संस्कृतिको घोडा चढ्यो । परिणामतः आज एकातिर सरकारी नेकपाको मोहोरामा दलाल पुँजीवादी प्रतिगमन र अर्कातिर कमरेड विप्लव नेतृत्वको नेकपाको अगुवाइमा एकीकृत जनक्रान्ति सञ्चालित छन् । कहिले प्रतिगमन हाबी हुन्छ र त्यसको राजनीतिक-सांस्कृतिक अभिव्यक्ति फासिवादका रूपमा प्रकट हुन्छ । कहिले जनक्रान्ति हाबी हुन्छ र दलाल पुँजीवादी राजनीति-संस्कृतिको टाउकोमा लाठी बर्साउँछ । आजको अवस्था यही हो । यही अवस्थालाई निजात्मक निबन्धका माध्यमबाट खोमा तरामु मगरले सपनाको भञ्ज्याङतिर नाउँले सम्बोधन गरेका छन् । यो आजको समाजवादी आदर्शोन्मुख यथार्थ हो । मार्क्सवादी धारका कयौँ समूहहरूमा छिरलिएर रहेका निबन्धकारका बारेमा यहाँ चर्चा गरिएको छैन ।

नेपाली मार्क्सवादी साहित्यमा जनयुद्धकाललाई कथा, कविता, गीतलगायत विधामा झैँ नेपाली मार्क्सवादी निबन्धको पनि स्वर्णकाल मान्न सकिन्छ । संस्मरणात्मक शैलीमा लेखिएका अनुभूतिजन्य निबन्धहरूले जनयुद्धको उचाइ र महत्वलाई स्थापित गर्ने सामर्थ्य राखेका छन् । जनयुद्धलाई विषय बनाएर लेखिएका संस्मरणात्मक/निजात्मक निबन्धपछि सङ्ग्रहकै रूपमा मार्क्सवादी निबन्ध फेला पार्न मुस्किल बन्दै गएको समयमा, जनयुद्धलाई कुहिगन्धे दलाल पुँजीवादी सत्तासँग साटेर क्रान्तिको लालझन्डा रछ्यानमा फाल्ने होड चलिरहेको समयमा, अब क्रान्ति सम्भव छैन भन्दै केही थान स्खलित ' महानायक' हरू वैचारिक-राजनीतिक-सांस्कृतिक रूपमै पतन भएर दुस्मनको जुठोपुरोमा रछ्यानमा रमाइरहेको समयमा आमूल परिवर्तनको क्रान्तिकारी आशावाद जगाउँदै र जनयुद्धका बाँकी कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् लक्ष्य राखेर तीव्रतामा आशालाग्दो गरी अघि बढिरहेको एकीकृत जनक्रान्तिका सूक्ष्म र स्थुल विषयलाई सुन्दर निबन्धहरूमा उनेर सङ्ग्रह नै बनेको त यो पहिलो नै हुनुपर्छ ।

## फुटकर निबन्धयात्रामा क्रमभङ्ग

जनयुद्धकालमा लेखिएका निजात्मक निबन्ध र निबन्धसङ्ग्रहहरूको सूची लामो छ । यहाँ तिनका बारेमा चर्चा गरिएन । यद्यपि जनयुद्धको उर्वर कालपछि एकीकृत जनक्रान्तिकालमा जेल र हिरासत संस्मरण फुटकर रूपमा आउने क्रम जारी छ । फासिवादी सत्ताले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएर जेल र हिरासतहरू भर्न थालेपछि पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक, शुभचिन्तकहरूले आफ्ना अनुभूतिहरू संस्मरणमार्फत अभिव्यक्त गर्ने क्रम बढेको छ । यसअघि पार्टी अभियानका क्रममा अनुभूतिहरू अभिव्यक्त गर्ने क्रममा संस्मरणत्मक निबन्धहरू लेखिएका थिए । अब हिरासत र जेल संस्मरणहरू बढी लेखिँदै गएका छन् । स्रष्टाहरूले आफ्ना अनुभूतिहरूलाई प्रायः फुटकर सिर्जनाका रूपमा लेख्ने र त्यस्ता रचना प्रकाशनमा पनि आउने गरेका छन् । पार्टीका विभिन्न जनसङ्गठनहरू मैदानमा जनतासँग रहेको समयमा जनसम्बन्ध विस्तार गर्ने क्रममा लेखिएका जनताको न्यानो माया मिसिएका संस्मरणात्मक निबन्धहरूले समाजको दुर्दान्त अवस्था चित्रण गर्नुका साथै जनक्रान्तिबाट वैज्ञानिक समाजवाद चुम्ने र मुक्त हुने आशा र सपनाहरू ज्यूँदै रहेको सन्देश दिएका छन् । त्यही क्रान्तिकारी आशावादको एकमुष्ठ अभिव्यक्ति बनेर सपनाको भञ्ज्याङतिर आएको छ ।

जेल, हिरासत र अभियानका अनुभूतिहरूलाई संस्मरणात्मक निबन्धमा अभिव्यक्त गर्ने स्रष्टाको सूची लामो बन्दै गएको छ । मिहीन ढङ्गले केलाउने हो भने त्यो सूची कम्तीमा पनि सयभन्दा बढी हुन्छ । उदाहरणका रूपमा फुटकर निबन्धहरू लेखिरहेका, सङ्ग्रहको तयारी गर्दै गरेका वा परिकल्पना बनाएका केही स्रष्टाहरूमा पूर्णबहादुर सिंह, ओमप्रकाश पुन, बीपी विद्रोही, असल खड्का, सुमनसिंह पौडेल, माधव गौतम, प्रवीण मिश्र 'मनीष', रामलाल विश्वकर्मा, अनिल शर्मा 'विरही', धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी', बन्धु चन्द, विवेक लामा, देवनारायण शाह, नरबहादुर कार्की, नरोत्तम पाण्डे, अमर झाँक्री 'सञ्जीव', टीका राई, नकुल चौलागाईं, सावित्रा दुरा 'आस्था', रामलाल विक, अम्बिका चन्द, सीता विक 'सम्झना', भरत बम 'रणवीर', नरबहादुर कार्की, कृष्ण धमला, शक्ति विक 'शिमशिखर', रवि गोले, देवनारायण शाह, उदयबहादुर चलाउने 'दीपक', मोहलाल चन्द 'आधार', अशोक सुवेदी, सरला रेग्मी, अनिता गजमेर, देवकला अधिकारी, कृष्णप्रसाद वाग्ले 'रूपेश', मीनप्रसाद सापकोटा, सुदर्शनराज पाण्डे, घननाथ सापकोटा, माइला लामा, नरोत्तम पाण्डे, केदार राई, नकुल चौलागाईं, पवन, ईश्वरी दाहाल (असारे काका), खेम थपलिया, दिनेश सारूलगायत स्रष्टा छन् । अन्य कयौँ स्रष्टाका पनि फुटकर निबन्धहरू प्रकाशित भएका छन् भने सङ्ग्रह प्रकाशन गर्ने क्रमचाहिँ रसुवाली कविले ' हिरासतका दिन' का माध्यमबाट आरम्भ गरिसकेका छन् । नवीन विक 'हितमान' को 'जेल मोर्चा' र लोकेन्द्र विश्वकर्मा 'सुजन' को 'सङ्घर्षभित्रको जीवन' संस्मरणात्मक निबन्धसङ्ग्रह प्रकाशनको अन्तिम तयारीमा छन् ।

## सपनाको भञ्ज्याङतिर : सङ्क्षिप्त परिचय

'सपनाको भञ्ज्याङतिर' संस्मरणात्मक निबन्धसङ्ग्रह खोमा तरामु मगरद्वारा विभिन्न समयमा लेखिएका र प्रकाशित पनि भइसकेका २६ वटा फुटकर निबन्धहरूको सङ्ग्रह हो । यसमा १. सहिदभूमिमा उभिएर, २. गुञ्जिरहनेछन् गाउँमा यी गीतहरू, ३. सपना ओढेको त्यो रेसुङ्गा, ४. मधेसमा गुञ्जिएको अनेकोट, ५. चुत्राबेसी र चुत्राबेसीहरू, ६. झन्डा बोकेर सूर्यास्तमा, ७. उज्यालो पर्खेर साँझमा, ८. शिवगढी अर्थात् लालगाउँ, ९. गाउँबस्तीमा क्षितिज परिवार, १०. रोल्पा मरेको छैन, ११. तिनाउ, कविता र सपनाहरू, १२. झुल्किनै बाँकी रातो घाम, १३. ताराहरू रोएको अँधेरी रात, १४. सुनकोसीको तीरैतीर, १५. दोभानमा कविताको सौन्दर्य, १६. अँध्यारोमा बलिरहेको बत्ती, १७. हृदयको मझेरीमा सहिद परिवारसँग, १८. बाहुनडाँडामा छापामारसँग, १९. निःशब्द मन, खण्डहर गोरखा, २०. जूनकीरीको बस्तीमा, २१. लुम्बिनीमा सांस्कृतिक मोर्चा, २२. चुनु गुरुङको अजम्मरी गीत, २३. हरियो झन्डामुनि जितगढी, २४. सपना डढेको बस्ती, २५. गाउँको अस्थिपञ्जरमा उभिएर र २६. हिउँको बर्सात् सम्झेर शीर्षकमा २६ वटा विभिन्न बान्की तर एउटै सरस शैलीका संस्मरणात्मक निबन्धहरू समेटिएका छन् ।

सङ्ग्रहका प्रायः निबन्ध पृथक्पृथक् सन्दर्भ र विषयमा करिब चार वर्षको अवधिमा लेखिएका हुन् । फुटकर निबन्धहरूको सङ्ग्रह भएका कारण स्वाद पनि त्यसै किसिमको छ । खारिएको र माझिएको भाषाशैलीका सरस निबन्धहरू फुटकर भएर पनि एकअर्काका परिपूरकजस्तै लाग्छन् । व्यापकतामा धेरै बुँदाहरूमा व्याख्या गर्न सकिने भए पनि सङ्क्षेप र मोटामोटीमा प्रस्तुत निबन्धसङ्ग्रहलाई निम्नलिखित विशेषताहरूमा परिचर्चा गर्न सकिन्छ :

## विषयवस्तुमा विविधता

विषयवस्तुका दृष्टिकोणले खोमा तरामु मगरको सपनाको भञ्ज्याङतिर निबन्धात्मक कृतिले व्यापकता ओगटेको छ । प्रायः यात्राका सन्दर्भहरू छन्, पार्टीअभियानका यात्रा । यात्राहरू उद्देश्यपूर्ण छन्, त्यसैले हरेक यात्राक्रम र यात्रापछिका स्मृतिहरू पनि उद्देश्यपूर्ण छन् ।

विभिन्न अभियानात्मक यात्राक्रममा स्रष्टा गुल्मीको सत्यवती गाउँपालिकाको ठूलो ल्हुम्पेक पुगेका छन् क्षितिज परिवारका कलाकारको टोलीसँग । त्यस्तै उनले गुल्मीको तम्घास यात्रा गरेका छन् । कपिलवस्तुको दक्षिणी गाउँ बनगोवा पुगेका छन् । अर्घाखाँचीको सन्धिखर्क, चुत्राबेसी, नवलपुर र नवलपरासीका गाउँबस्ती, रूपन्देहीका देवदह, धकधई, केरवानी, मऋहर, शान्तिचोक, मानपकडी, छपिया, रजाड गाउँका जनबस्तीहरू देखिन्छन् निबन्धमा । प्रायः बस्तीहरूमा श्रमिक जनता छन्- अहोरात्र श्रमिपसिनामा रमाइरहेका, सुन्दर सपना सजाइरहेका । तराईका बस्तीहरूमा पुग्दा होस् वा पहाडका जनबस्तीहरूमा जाँदा होस्, उनी त्यहाँको जनजीवन, दुःखसुख, भूगोल, हावापानी, रहनसहन, संस्कार-संस्कृति, श्रमपसिनालाई लेखनको केन्द्र बनाउँछन् :

हामी मधेसका ठालु, जमिनदार, सामन्त, सूदखोरहरूलाई दुत्कार्दै विद्रोहका गीत गाइरहेछौँ । अँध्यारोलाई जित्नु र उज्यालोका पक्षमा गीत गाउनु अर्थात् मधेसका न्यायपूर्ण आवाजलाई दमनले कुल्चने शासकविरुद्ध मुक्तिगीत गाइरहेछौँ । सहिदहरूका सपना पूरा गर्ने तुफानी यात्रा कसले रोक्न सक्छ र ? राष्ट्रिय स्वाभिमान र मुक्तिका पक्षमा गीत गाउँदा जे नाम दिए पनि के फरक पर्छ र ? उषाको मुस्कान अरुणिमा बनेर आउने कुरालाई कसले छेक्न सक्छ र ? हामी यही यात्रामा अनवरत छौँ र यही यात्रामा ढलिरहेछन् हुरी र तुफानविरुद्ध उभिएका पर्खालहरू । गलिरहेछ सहिदका रगतहरू कुल्चेर सत्तामा उक्लिएका बैरीहरूको सिसमहल । हामीलाई तथाकथित पुँजीवादी गणतन्त्रका नाउँमा चलाइएको अत्याचारका पक्षमा चारणगीत गाउन स्वीकार्य छैन । हामीलाई बेइमानहरूका विद्रुप चरित्रको प्रशंसागीत गाउनु छैन । हामीले निर्भयपूर्वक सत्य बोल्ने सङ्कल्प गरेका छौँ । जनताका पक्षमा लेख्नु, जीवनका पक्षमा सिर्जना गर्नु, वर्गसङ्घर्षको गीत गाउनु हाम्रो दायित्व हो ।

## झन्डा बोकर सूर्यास्तमा

निबन्धमा तराईका बस्ती र जनजीवनको चर्चा छ प्रायः । निर्वाचन खारेजीदेखि सांस्कृतिक अभियानमा जनबस्तीमा पुग्दाका सन्दर्भहरू छन् । शिवगढी छ अर्थात् लालगाउँ छ । हामी पनि हाम्रो भूमिलाई लालबस्ती नै भन्छौँ- कृष्णलाल, पुष्पलाल, गङ्गालाल हुँदै शिवलाल, चन्द्रलालहरूको बस्ती । महान् जनयुद्धमा एक सय ६० भन्दा बढी र एकीकृत जनक्रान्तिमा सहिद रामकुमार श्रेष्ठहरू जन्मिएको लालैलालहरूको बस्ती । यस्ता लालबस्ती र लालगाउँहरूको चर्चा गर्दा योद्धाहरूको त्याग, समर्पण, वीरता, विद्रोह र बलिदानको चर्चा आउँछ । खोमाले पनि तराईदेखि पहाडसम्मका लालगाउँहरू खोजेका छन् र योद्धाहरूको त्याग, वीरता र बलिदानसँगै तिनका अधुरा सपना उधिन्दै त्यसलाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् निबन्धका माध्यमबाट । त्यसैले यो कृति विशुद्ध निबन्ध होइन, आस्था र निष्ठालाई लक्ष्यमा पुऱ्याउने प्रतिबद्धतापत्र पनि हो ।

पुस्तकमा लालभूमि रोल्पा छ, थबाङ छ, इच्छुक, चुनु र च्याङ्बाहरू छन् । तिनाउ किनार छ । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ छ । कविताहरू छन् । छलफल र बहस छ । ओखलढुङ्गा रुम्जाटार छ, पाल्पा दोभानका फूलबारी, बेरुवा र ज्यामिरे छन् । काठमाडौँ, गोरखा- भुसालगाउँदेखि बागलुङको बाहुनडाँडा र बुटवल छन् । 'थ्याङ्क्यु मिस्टर ग्ल्याड' र वीरभूषण पटनायक छन् । प्रियजनहरूको मृत्यु र बलिदानी छ । प्रलयकारी भूकम्पको धक्का छ । जनयुद्ध र एकीकृत जनक्रान्तिको शृङ्खला छ । जनयुद्धका भगौडा छन् । एकीकृत जनक्रान्तिका योद्धाहरू छन् । लुम्बिनीको सांस्कृतिक आन्दोलनको इतिहास छ । जितगढी किल्ला र अङ्ग्रेजविरुद्धको लडाइँमा सन् १८७२ मा कर्णेल उजिरसिंह थापा नेतृत्वमा नेपाली योद्धाहरूले अङ्ग्रेजलाई पराजित गरेको इतिहास छ । क्रान्तिसँगै राष्ट्रियता र देशभक्तिको उहापोह छ । पहिरोले पुरिएका बस्तीहरूका मर्म छन् । निबन्धभरि विभिन्न सन्दर्भ लिएर तिनाउ र लुम्बिनी आइरहन्छन् घरिघरि । तराईको रापिलो बाफको बर्सात्देखि घुम्टे लेकको हिउँको वर्षासम्मका विषयहरू छन् ।

प्रकृतिको लालित्य, श्रम र विचारको व्यापक आयाम समेटिएको एउटा उदाहरण हेरौँ :

'गाउँदेखि अलिकति माथिल्तिर उक्लिएपछि धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमालतिर टाँसिन्छ आँखा । आकाशको निलो पछ्यौरीको सप्केनीमुन्तिर क्षितिजमा ठडिएका हिउँका शृङ्खलाहरू साँच्चिकै अनुपम देखिन्छन् । त्यहाँको प्राकृतिक सौन्दर्यले मन जति आकर्षित गर्छ, महान् सहिदको रगतले सिञ्चित भूमिमा उभिएर सहिदका उदात्त सपना र नयाँ क्रान्तिको यात्रा पूरा गर्ने अभिभाराले त्योभन्दा बढ्ता थिचिरहेको छ ।'

## सहिदभूमिमा उभिएर

हरेक यात्रापछिको सार हो भन्न सकिन्छ यो अनुच्छेदलाई । ठाउँ फरक होलान् । समय फरक होला । त्यहाँ फेलापरेका पात्रहरू फरक होलान् तर निबन्धकार खोमाको यात्रा संस्मरण वा संस्मरणको केन्द्रीय विषय वा सार वाक्य यही होजस्तो लाग्छ ।

विषयवस्तु र विचारका दृष्टिले यस निबन्धसङ्ग्रहको केन्द्रमा क्रान्ति छ, एकीकृत जनक्रान्ति । हरेक निबन्ध वैचारिक छन् । शैलीमा समरूपता भए पनि विषयवस्तु, वातावरण र परिवेशको पार्थ्यक्यका कारण सबै सजीव र सरस लाग्छन् । जनजीवनका चित्र आउँछन् । सपनाहरूका चित्र आउँछन् र ती सपनाहरूलाई बोकेर हिँड्ने पात्रले बोकेको, समेटेको विषयवस्तु आख्यानका रूपमा आउँछन् । कथा भन्न पनि मिल्ने खालका, प्रचुर आख्यानात्मकता बोकेका ।

## क्षेत्र/परिवेश

निबन्धकारले तराईदेखि पहाडसम्मका ग्रामीण भूगोलको यात्रा, अभियान, कार्यक्रम र पात्रलाई प्रायः निबन्धहरूको विषयवस्तु चयन गरेकाले निबन्धमा वर्णित क्षेत्र र परिवेश पनि ग्रामीण जनजीवन छ र सहिद, बेपत्ता योद्धाहरूको वीरता र बलिदानका साथै घाइते-अपाङ्ग योद्धाहरू र श्रमशील जनताको कारुणिक र दारुण जीवनशैली छ । जनताले भोगेको कहरपूर्ण परिवेश छ । निबन्ध अध्ययन गर्दै जाँदा चित्रझैँ भएर त्यहाँको भूगोल आउँछ, श्रमिक जनता आउँछन् र आउँछ तिनको कारुणिक मुहार र आँसुले डबडबाएका आँखाको गहिराइमा रहेको मुक्तिको सपना । स्रष्टाले जुन क्षेत्र, जुन परिवेश, जुन पात्र/चरित्र, जुन कथा पस्किएका छन्, वर्गसमाजको चित्र प्रस्ट आउँछ । चित्र मात्र कोरेर छोड्दैनन् स्रष्टा, त्यसमा विचार भर्छन् र अधुरा सपनाहरू साकार पार्न तिनको भूमिका र कर्तव्य सम्झाउँछन् वा सम्झिन्छन् । उही निबन्धको अर्को उदाहरण हेरौँ :

'हामी ठूलो ल्हुम्पेकको धर्मपुर प्राविमा कार्यक्रम सकेर साँझ दाङसिङ्गा र क्वाङमा गएर बास बस्यौँ । पुस १ गते जनयुद्धका महान् सहिद मनबहादुर तरामु मगर 'मनोज' को सहादत भएको स्थान सत्यवती पुग्यौँ । सत्यवतीको डाँडामा पुगेर सहिद मनोज, शिव राहादी मगर 'दीपक', हेमलाल श्रेष्ठ 'धर्ती' लगायत गुल्मेली सहिदहरूलाई मुठी उठाएर स्मरण गर्‍यौँ । नयाँ दिनको आँगनमा उभिएर क्रान्तिमा सहिदका योगदानबारे चर्चा गर्‍यौँ ।'

… … …

त्यस्तै अर्को उद्धरण :

आज चैत ५ गते । अर्थात् सांस्कृतिक प्रतिरोध दिवस । अनेकोटका सहिदहरूका बलिदानगाथा सम्झिएर मन तातोतातो भएको छ । एउटा गर्विलोपनको बोध हुन्छ र आफैँभित्र उद्वेलन हुन्छ । म झोलाबाट पुराना किताब निकाल्छु र अनेकोटबारे लेखिएका इतिहासका पन्नाहरू पल्टाउन थाल्छु । पन्नाहरूमा देखिरहेछु- रगतपच्छे अनुहार र प्रतिरोधका शब्दचित्र । पुस्तकमा लेखिएको छ, 'सांस्कृतिक अभियानका क्रममा काभ्रेको अनेकोटमा पुग्दा काङ्ग्रेस-एमालेको मिलोमतोमा जल्लादहरूले अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य एवम् कलाकार च्याङ्बा लामा, फिक्कल सांस्कृतिक परिवार सिन्धुलीकी निर्मला देवकोटा, मञ्जु कुँवर, शृङ्खला सांस्कृतिक परिवार सिन्धुपलाञ्चोकका डम्बर श्रेष्ठ, सुभद्रा सापकोटा, झुपडी सांस्कृतिक परिवारका गुम्बसिंह तामाङ, चिनीमाया लामालाई एउटा घरमा बसेर सांस्कृतिक कार्यक्रमको रिहर्सल गरिरहेको बेला चारैतिरबाट घेरा हाली गोली हान्यो र घरमा आगो लगायो । उक्त घटना एमालेका तर्फबाट उठेका सांसद विदुर सापकोटा तथा एमाले जिल्ला कार्यकर्ता जनार्दन अधिकारी, मुकुन्द गौतमको अगुवाइ तथा डीएसपी केशव बस्नेतको नेतृत्वमा भएको थियो ।'

'सहिदभूमिमा उभिएर' निबन्धलाई यो सङ्ग्रहको मानक निबन्ध हो भन्दा पनि हुन्छ ।

## पात्र/प्रवृत्ति र दृष्टिकोण

वर्गसमाजका दुईखाले पात्र : शोषित र शोषक अर्थात् नायक र खलनायक यस निबन्धमा मूर्त वा अमूर्त रूपमा देखिन्छन् । रौँचिरा अध्ययन गर्दा मात्र भिन्नभिन्न निबन्धमा पाइने स्थान, पात्र, प्रवृत्ति र कथानकले पस्किने दृष्टिकोण खुट्ट्याउन सकिन्छ । यसका दुईवटा उदाहरण हेरौँ :

हामी जिन्दगीका हरेक बाधा र कठिनाइका चुचुराहरू नाप्दै क्रान्तिको नयाँ शिखरमा पुग्न आँधी र तुफानसँग लड्दै वर्गसङ्घर्षमा सामेल छौँ । जीवनका थाप्लाहरूमा बाँधिएका दासतापूर्ण नाम्लाका भारीहरू छुटाउनु छ हामीलाई । समयको दुर्दान्त चित्रलाई जीवनको नयाँ उज्यालो गीतमा उन्नु छ । खर्स्यूका फेददेखि मधेसका फाँटसम्म गुञ्जिरहेछन् पसिनाले लेखिएका यिनै गीतहरू । सहिदको रगतबाट जन्मिएका रक्तबीजहरूका भीमकाय सपनाहरूले पोतिएका गीतहरू गुञ्जिरहेछन्- गाउँमा । देश र जनताको पूर्ण स्वतन्त्रता र सिङ्गो मुक्तिका गीत गुञ्जिरहेछन् । यी विद्रोह, वीरता र क्रान्तिको गीत गाउँदा निधारबाट बगेका पसिनाका थोपाहरूले नयाँ युगलाई सिञ्चित गरिरहेछ । पसिनाका गीतहरूले नयाँ युगका नायकहरू जन्माइरहेछ ।

… … …

वर्गीय समाजमा हरेक मान्छे कुनै न कुनै विशेष वर्गको सदस्य भएर रहन्छ र बिनाकुनै अपवादले हरेक किसिमको विचारमा विशिष्ट वर्गको छाप परेकै हुन्छ । क्रान्तियात्रामा जीवनका अर्थ र मूल्यहरू फेरिँदा रहेछन् । वर्गसङ्घर्षको यात्रामा सारा कुण्ठा र निराशालाई जितेर अघि बढ्दो रहेछ जीवन । पराजित हुँदा रहेछन् फासिवादका जस्तासुकै दमन र यन्त्रणाका बर्बर मृत्युहरू । हामीलाई थाहा छ, वर्गशत्रुहरू आफूखुसी पराजित भएर जाने छैनन् र राजीखुसी भएर इतिहासको मञ्चबाट तल ओर्लिन तयार हुने छैनन् ।

गुञ्जिरहनेछन् गाउँमा यी गीतहरू

कलात्मकता/चित्रात्मकता

लेखनमा चित्रात्मकता मात्र होइन, स्रष्टाले निबन्धलाई कलात्मक बान्की पनि दिएका छन् । यो कृतिको अर्को वैशिष्ट्य भनेको मौलिक लेखनशैली र कलात्मक प्रस्तुति हो । मार्क्सवादी स्रष्टाहरू नारावादी हुन्छन् भन्ने प्रतिक्रियावादी र बुर्जुवा समीक्षकहरूको मुखमा बुजो मात्र होइन, चेतनामा ठेडी नै कोचिदिने सामर्थ्यको जादुमयी कलात्मक शैलीका कारण कृति सरस, रसल र पठनीय बनेको छ । यसको एउटा उदाहरण हेरौँ :

उफ् ! हिउँतुसारोले कठ्याङ्ग्रिएर मूर्च्छित भएका यी हातगोडा ! हिँड्दाहिँड्दै पैतालाहरूले खियाएका यी ढुङ्गाहरू, हामीले पैतालामुनि कुल्चिएका डाँडाकाँडा र होचिँदै गएका उकालीहरू, यी सबै बिम्ब हुन् हाम्रा क्रान्ति जीवनका । हाम्रा नाकका डाँडी हुँदै बगेका नुनिला पसिनाका थोपाहरूले हामी हिँडेका बाटाभरि लेखिएका छन् जीवनका सपना । चर्चरी फुटेका पैतालाबाट बगेका रगतले लेखिएका छन् अजम्बरी गीत । निधारबाट बगेको पसिना हाम्रो मसी, मुटुबाट बगेको रगत हाम्रो रङ, यी ढुङ्गा र हिउँतुसारोले ढाकिएको सेतो जमिन र माटो हाम्रो जीवनको कापी । के हामी यी पसिनाले लेखिएका,

रगतले रङ्गिएका सपनाहरू ... बाँकी ७ पेजमा

## सपनाको ....

पूरा गर्न सक्छौँ ? हाम्रो अगाडि यक्षप्रश्न उभिएको छ।

**सहिदभूमिमा उभिएर**

निबन्धमा विषय वा वस्तुलाई शब्द र कलाका माध्यमबाट चित्रजस्तै छर्लङ्ग पार्ने शैली र क्षमता छ खोमा तरामु मगरको। यसो हुँदा पाठकलाई लेखकले चर्चा गरेको वा विषयले लगेको ठाउँमा सशरीर चङ्गा मन लिएर पुगेको अनुभूति हुन्छ। विषय बुझ्न पनि कुनै कठिनाइ हुँदैन र चित्रात्मकता र कलात्मकताका कारण त्यस स्थान, पात्रप्रतिको भावनात्मक सम्बन्ध पनि विशेष हुन पुग्छ। कथा, उपन्यास वा चलचित्रहरूमा नायक बनाउन जुन विधि प्रयोग गरिन्छ, निबन्धकारले यसमा पनि त्यही विधि प्रयोग गरेर निबन्धलाई झङ्कृत र सुललित बनाएका छन्। अलि लामै उद्धरण भए पनि त्यसका दुईवटा उदाहरण हेरौँ :

जङ्गलको साँधमा पश्चिम फर्किएको भिरालो/भिरालो पखेरोमा छ ठूलो ल्हुम्पेक गाउँ। बिहानीको पर्दा खुल्छ मसिना, गुराँसे डाँडा, हिले, पहेँलीवन र हचिङ्कोट लेकबाट। टाउको फनक्क दक्षिण घुमाएपछि देखिन्छ- पाल्पाको श्रीनगर डाँडा। पश्चिमतिर बडिगाड बगेको छ सलल, पूर्वतिर कालीगण्डकी नदी। उत्तरतिर थाप्ले मसिनाको लेक। बीचमा छ, ल्हुम्पेकको सघन बस्ती। गाउँ हिजोजस्तो छैन। मोटर आइपुगेको छ गाउँमा। विज्ञान र प्रविधिको विकासले मोबाइल-इन्टरनेट चलेका छन् हात-हातमा। गाउँ र सहरबीच ठूलो अन्तर छैन र यो परस्पर निर्भर बन्दै गएको छ। गाउँ र सहरको दूरी नजिकिएको छ। सम्भवतः यो नेपालको मात्र नभएर विश्वको नयाँ चरित्र बनेको छ। भौतिक जगत्मा आएको परिवर्तनले मानवीय चिन्तन र व्यवहारमा पनि परिवर्तन ल्याएको छ। ठूलो ल्हुम्पेक सत्यवती डाँडामा उभिएर मैले एकपटक लामो सास फेरेँ र आँखालाई पर-परसम्म हुत्याएँ। धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण उच्च हिमशृङ्खलाहरू लहरै उभिएका छन् अगाडि।

गुञ्जिरहनेछन् गाउँमा यी गीतहरू

... ... ...

उज्यालो हुन लागेको छ। अँध्यारोमा कर्कश आवाज सुनिन्छ। मनभित्र अनेक आशङ्काहरू उब्जिएका छन्। साँच्चै यो गाउँ निदाएको छ तर मान्छेहरू निदाएका छैनन्। गाउँको पश्चिमतिर तुरुन्तपुर बस्ती छ। पूर्वतिर बानियाँभार र दक्षिणतिर भटेनीगाउँ छ। उत्तरतिर सुराई खोला छ। पूर्वतिर उज्यालोको पर्दा बिस्तारै खुल्दैछ। यो गाउँले राज्यका थुप्रै दमन र शोषणका व्यथा र प्रतिरोधका कथाहरू बोकेको छ। यो गाउँ अरूभन्दा फरक छ, एकदमै फरक। सङ्घर्ष र प्रतिरोधको पर्याय हो यो गाउँ। शिवगढी अर्थात् लालगाउँ। मान्छेहरू यो गाउँलाई 'मिनी-रोल्पा' भन्छन्। दुस्मनका आँखामा कम्युनिस्टहरूको गाउँ हो, 'आतङ्ककारी' हरूको गाउँ हो। म त्यही बस्ती अर्थात् लालगाउँ आइपुगेको छु।

शिवगढी अर्थात् लालगाउँ

**सरलता/सरसता**

कुनै पनि कृति अर्को कृतिबाट पृथक हुन त्यसमा प्रयोग भएको विषय र पात्र मात्र होइन, शैली मुख्य कारक बन्छ। मननीय र ग्रहणीय बन्नका लागि त्यस कृतिमा प्रयुक्त भाषाको सरलता र सरसता कारक बन्छ। अन्यथा एउटै विषयमा लेखिएका रचना वा सिर्जनामा पृथक्ता प्राप्त गर्न सकिने थिएन। विषयको प्रस्तुति र वर्णनमा सरलता र सरसता खोमाको यो कृतिको पर्याय हो भने पनि हुन्छ। सामान्य लाग्ने विषयलाई पनि उनले एउटै भावमा सरस शैलीमा सरलतापूर्वक प्रस्तुत गरेका छन्। त्यसैले यो कृति पठनीय र स्मरणीय पनि बनेको छ। एउटा उदाहरण हेरौँ :

घाम डुबिसकेको छ, साँझ भने परिसकेको छैन। पूर्वतिर अँध्यारो फैलिँदो छ। उज्यालो पर्खिरहेको छ बस्ती। गाउँ-सहर चारैतिर दुस्मनले निगरानी बढाएको छ। पत्रपत्रिकामा थरीथरीका समाचार आइरहेका छन्। जनतामा नयाँ आतङ्क उत्पन्न भएको छ। हामी वर्गवैरीद्वारा घेरिएका छौँ। चारैतिर निगरानीमा छन् दुस्मनका आँखाहरू। हामी दुस्मनसँग लुकामारी खेलिर हेछौँ। घरिघरि आमने-सामने नै हुन्छौँ उनीहरूसँग। हतियारद्वारा सुसज्जित छन् उनीहरू। हामीसित त्योभन्दा शक्तिशाली अर्थात् मालेमावादी विचार र बलिदानीपूर्ण भावना छ। हाम्रा सपनाहरूलाई कैद गर्न खोजिँदैछ बन्दुकको नोकभित्र। निर्धक्क सास फेर्न प्रतिबन्ध छ र हृदयमा ठेस पुऱ्याइएको छ। दुस्मनले सूचना पाए कुनै पनि बेला पक्राउ गर्नेछ। हामीले संसदीय राजनीतिको भण्डाफोर गर्दै पश्चिम मधेसमा एकीकृत जनजागरण तथा प्रतिरोध अभियान चलाएका छौँ।

**उपसंहार**

'हामीलाई क्रान्तियात्रामा सुसाएको हावा र त्यसमा मिसिएको सपना प्रिय छ। तर प्रिय सपनाहरूमा विषाक्त रसायन घोल्ने प्रयास गरिरहेछन् दुष्टहरू। हाम्रो क्रान्तिको उकालो यात्रा रोकिएको छैन। जबसम्म रोकिन्न जीवनको गति, रोकिन्न हृदयको धड्कन, तबसम्म रोकिन्नन् हाम्रा गीतहरू। हामी निशाचर हरूविरुद्ध गीत गाउँदै उकालो चढिरहेछौँ। यो युगको नयाँ उचाइबाट पसिनालाई गीतमा र गीतलाई जीवनमा घोल्ने नयाँ अभियानमा छौँ हामी।'

**सहिदभूमिमा उभिएर**

सपनाको भन्ज्याङतिर पुस्तकको प्रथम पाण्डुलिपि अध्ययन गरेर पुस्तकको भाषिक सम्पादन गर्ने र अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समितिका तर्फबाट प्रकाशकीय लेख्ने अवसर प्राप्त भएको थियो। भलै संस्कृति र व्यवहारका खोटा केही 'लिलिपुट' हरूले खिमा र निभाका पुस्तक सम्पादनको समयमा जस्तै छिर्किनी हानेका कारण पुस्तकमा देखिने गरी त्यो इतिहास लेखिन पाएन। उक्त प्रकाशकीयमा 'सपनाको भन्ज्याङतिर अर्थात् मुक्तियात्राका निबन्धहरू' शीर्षकमा छोटो टिप्पणी गर्दै मैले लेखेको थिएँ : क्रान्तिप्रति चरम निराशा र उत्कट आशाका बीच भीषण टकराव र सङ्घर्षको याम हो यो। यो सपना देखाउनेले नै हत्या गरेका सपना ब्युँताएर, बोकेर क्रान्तिकारी योद्धाहरू शिखरतिर लम्किँदै गरेको याम हो। महान् जनयुद्धका उच्च सपना र लक्ष्य पूरा गर्ने र समाप्त पार्ने दुई दर्शन, विचार र प्रवृत्तिबीच भीषण सङ्घर्षको टकरावको उत्कर्षको पल हो यो। हो यही पल, यही याममा सुन्दर सपनाका पक्षमा 'सपनाको भञ्ज्याङतिर' शीर्षकमा सुन्दर आशावादी मार्क्सवादी निबन्धहरू लिएर आउनुभएको छ युवा मार्क्सवादी स्रष्टा नियात्राकार खोमा तरामु मगर। नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको एक सशक्त र गौरवशाली आङ्गिक सङ्गठन अखिल नेपाल लेखक सङ्घलाई यो सुन्दर कृतिको प्रकाशनको अभिभारा छ। हाम्रा लागि यो सुखद र गौरवको पल हो। यसका लागि हाम्रो सङ्गठन लेखक कमरेड खोमा तरामु मगरलाई बधाई ज्ञापन गर्छ र मार्क्सवादी रचनाहरूको सिर्जनाको निरन्तरताका लागि हार्दिक शुभकामना पनि प्रकट गर्दछ।

कवि एवम् निबन्धकार खोमा तरामु मगर हाम्रो गौरवशाली सङ्गठन अखिल नेपाल लेखक सङ्घका महासचिव हुनुहुन्छ। युवा पुस्ताका अत्यन्त आशालाग्दा र भरपर्दा स्रष्टा पनि हुनुहुन्छ खोमा। युवा पुस्ताका सशक्त मार्क्सवादी कविका रूपमा स्थापित खोमालाई निबन्धमा पाउँदा पाठकहरूलाई लयात्मक गद्य कविता पढेको भान हुन्छ र आलोचकहरूलाई नेपाली मार्क्सवादी साहित्याकाशमा भर्भराउँदा युवा स्रष्टाको उपस्थितिले निकै नै आशावादी बनाउँछ।

यस सङ्ग्रहका अधिकांश निबन्ध नियात्रा हुन् र आत्मपरक/निजात्मक शैली र संस्मरण शैलीका लेखोटहरू हुन्। एउटै विषय, योजना वा शृङ्खलामा नउनिएका स्फुट रचनाको सङ्कलन भए पनि यी निबन्धहरू एउटै लक्ष्य र उद्देश्यले ओतप्रोत छन्। मालेमावादी विचारलाई केन्द्रमा राखेर लेखिएका यी निबन्धहरूमा एकातिर सपनाहरू आगो लगाएर निर्माण भएको भुत्भुतेमा छट्पटाइरहेको र क्रान्तिप्रति निराशा, अफवाह, दमन, व्यभिचार फैलाइरहेको अवसरवादी, आत्मसमर्पणवादी, संशोधनवादी, प्रतिक्रियावादी वर्ग छ र ठीक अर्कातिर झर्झराउँदा सपना बोकेर क्रान्तियात्रामा निस्किएको आशावादी योद्धाहरूको रहरलाग्दो सुन्दर जमात छ। वर्गविभक्त समाजका यी दुई पक्षहरूमा पहिलो पक्ष दैनिक र पलपल विकर्षण, पलायन, घात, विघटनको ओरालो यात्रामा स्खलित भइरहेको देख्न सकिन्छ भने पछिल्लो वा अर्को पक्ष देश र जनताको मुक्तिको सपना बोकेर निरन्तर लामो यात्रामा दगुरिरहेको देख्न सकिन्छ। अर्थात् निर्माणाधीन नयाँ समाज-व्यवस्थाको दुरुस्त ऐना देखिन्छ यस कृतिमा। यात्राका क्रममा भेटिएका पात्र र प्रवृत्तिहरूको सुन्दर चित्रण छ र सबै पात्रले आफ्नो लक्ष्य, उद्देश्य र सपना बोकेको छर्लङ्ग देखिन्छ। यसमा श्रमिक, उत्पीडित, पददलित, उपेक्षित वर्गका पात्रहरूको चित्रण पढ्दा लाग्छ, यति सुन्दर सपना बोकेका श्रमिकजनहरूको साथ छ र त क्रान्ति द्रुत गतिमा यति छिट्टै शिखरतिर उक्लिइरहेको छ। आख्यानात्मकता बोकेका प्रायः सबै रचनाले पाठकलाई लोभ्याइरहन्छन्। मौलिक र सरस शैलीका कारण अझै पढौँ, अझै रमाऊँ भन्दाभन्दै कृति सकिएको पत्तै हुँदैन।

प्रकृतिको सजीव र जीवन्त चित्रण, प्रकृतिको मानवीकरण, युद्धविभीषिकाका छाल, तरङ्ग र सपनाहरूको लदाबदी पाइन्छ कृतिभरि। लाग्छ, स्रष्टा जनयुद्धमै छन् र युद्धगान लेखिरहेका छन् निबन्धका माध्यमबाट। अनि यी निबन्धहरू काव्यात्मक निबन्ध हुन्। पढ्दै जाँदा पाठकलाई म निबन्ध/नियात्रा पढिरहेको छु कि गद्य काव्यमा कुनै कलात्मक उपन्यास पढ्दैछु भन्ने द्विविधा उत्पन्न गराइदिन्छ। सरलता र सरसताको जादुले निबन्ध अत्यन्त सहजसंवेद्य बनेको छ।

महान् जनयुद्धले साहित्य, संस्कृति र कलाको विकासमा ठूलो योगदान पुऱ्यायो। नेपाली मार्क्सवादी साहित्यको स्वर्णकाल भने पनि हुन्छ जनयुद्धकालीन साहित्य-लेखनलाई। जनयुद्धका नायक भनिएकाहरूबाटै जनयुद्धको विसर्जनपछि र राजनीतिक-सांस्कृतिक रूपमा प्रतिक्रान्ति लादिएपछि अन्य विधामा झैँ मार्क्सवादी साहित्यमा निबन्ध विधाको पनि खडेरीजस्तै परेको थियो। वैचारिक लेख, समीक्षा/सलामोचना र कविता/गीतले मात्रै धान्नुपरिरहेको अवस्थामा एकीकृत जनक्रान्तिको विकास र प्रयोगसँगै फेरि संस्मरण, नियात्रा, निबन्ध विधाले गति पाएको छ र यसको स्थुल अभिव्यक्ति बन्न पुगेको छ यो कृति।... यी निबन्धले स्थान, पात्र, परिवेश, घटना सबैका माध्यमबाट क्रान्तिलाई केन्द्रमा राखेका छन् र प्रतिक्रान्तिको चिहानमाथि क्रान्तिको विजयकिल्ला स्थापना गर्दै एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गरेरै छोड्ने सजीव सपना देखाएका छन्। क्रान्तिको यो ज्वारभाटाले असमानता, शोषण-व्यभिचार र दलालीमा टिकेको यो ऐँजेरु सत्ता ढल्ने र त्यसको भग्नावशेषमाथि महान् सहिद, बेपत्ता र घाइते योद्धाहरूले देखेको सपनाको मालेमावादको सुन्दर फूलबारी निर्माण हुनेमा कुनै द्विविधा छैन। यस कृतिले यिनै सपनाहरू सार्थक हुने सम्भावना प्रबल हुँदै गएको देखाएको छ। यसरी यो अब्बल मार्क्सवादी कृति बन्न पुगेको छ।

...

जे होस्, सपनाको भन्ज्याङतिर मुक्ति शिखरतर्फको यात्राको कलात्मक संस्मरणात्मक दस्ताबेज हो र यो नेपाली मार्क्सवादी निबन्धहरूमा एउटा कोसेढुङ्गा पनि हो भन्दा अत्युक्ति हुनेछैन।

## तीनदिने आधारभूत ....

पत्रकारिताले ब्याटलको नेतृत्व गर्नुपर्ने बताए।

समापन कार्यक्रममा रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले पत्रकारिताले समाजलाई सूचना प्रदान गर्ने मात्र नभएर शिक्षा, चेतना, उत्प्रेरणा दिने र समाज रूपान्तरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राख्दै अझ जनपक्षीय पत्रकारिता गर्ने पत्रकारहरूले त गरिब, निमुखा श्रमजीवीहरूका पक्षमा आवाज बुलन्द पार्नुपर्नेमा जोड दिए। एकीकृत जनक्रान्ति सम्पन्न गर्ने र वैज्ञानिक समाजवाद स्थापना गर्ने अभियानमा जनपक्षीय पत्रकारले कलमका सिपाहीको काम गर्नुपर्ने उनको भनाइ थियो।

यस्तै जनपत्रकार सङ्गठनका केन्द्रीय संयोजक शेरबहादुर विकले पत्रकारिताले समाजलाई परिवर्तन गर्ने दिशामा एक कुशल सङ्गठक, कुशल नेता बन्नुपर्ने र समाजमा भएका विभिन्नखाले विकृति र विसङ्गतिका विरुद्ध जनपपक्षीय पत्रकारहरूले खेल्नुपर्ने भूमिका महत्वपूर्ण हुने बताए।

यस्तै रातो खबरकी अम्बिका चन्दले राज्यको चौथो अङ्ग मानिएको पत्रकारिता पेसा शक्तिशाली पेसा भएको बताउँदै यो पत्रकारिता सिकाइको पहिलो प्रयासस्वरूप सञ्चालित आधारभूत तालिम निकै महत्वपूर्ण भएको धारणा राखिन्।

कार्यक्रममा प्रशिक्षणमा सहभागी प्रशिक्षार्थी पत्रकारहरूका तर्फबाट अग्रज पत्रकार सुदर्शनराज पाण्डे, उषा मगर, बादल शाही, दीपक लामा, खगेन्द्र सिटौला र प्रशान्त तामाङले अनुभूतिजन्य धारणा राखेका थिए।

३ दिनसम्म चलेको तालिममा रातो खबर साप्ताहिकका पूर्वनिर्देशक अनिल शर्मा 'विरही', अर्का पूर्वनिर्देशक तथा राष्ट्रिय जनजागरण मञ्चका संयोजक गुणराज लोहनी, वरिष्ठ पत्रकार शिव गाउँले, वरिष्ठ अधिवक्ता एकराज भण्डारी, राजनीतिक विश्लेषक नरेन्द्रजङ्ग पिटर, वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदी र ईरातो खबर अनलाइनकी सम्पादक अम्बिका चन्दले पत्रकारिताका विविध आयामका विषयमा तालिम दिएका थिए।

चैत २ गतेबाट ४ गतेसम्म काठमाडौँमा आयोजना गरिएको कार्यक्रममा देशैभरिबाट ३४ जना प्रशिक्षार्थी सहभागी भएका थिए। तीन दिनको तालिम पूरा गर्ने पत्रकारहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो। रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जनपत्रकार सङ्गठनकी जानकीले चौधरीले गरेकी थिइन्।

## २३ औं सांस्कृतिक ....

कित्तामा निराशाका कविता आएका छन्। राजनीति सही बाटोमा आएपछि राम्रा कविता लेखिनेछन् र राम्रा कविताले राजनीतिलाई सही बाटोमा डोहोऱ्याउनेछ।'

नेकपा नेता शर्माले विगतमा जनता र बलिदानमाथि गम्भीर धोका भएको धारणा राखे। उनले क्रान्तिको प्रक्रिया लामो हुने भएकाले आम जनसमुदायले सीधै क्रान्तिलाई समर्थन नगरेर सुधारवादी प्रक्रियाबाट क्रान्तिकारी परिवर्तन चाहने गरेको सन्दर्भ राख्दै असन्तुष्टि पोख्ने ठाउँमा थुप्रिने गरेको जनमतलाई क्रान्तिकारी आन्दोलनमा एकाकार गराउनुपर्ने र त्यसमा क्रान्तिकारी साहित्य, कला, संस्कृतिको महत्वपूर्ण भूमिका हुने बताए। उनले भने, 'हिजोसम्म नेकपाका महासचिव विप्लवलगायत नेतालाई पदप्रतिष्ठा नपाएर क्रान्तिमा गएको भनेर आलोचना गर्ने सुधारवादीहरू क्रान्ति सफलतातर्फ अघि बढिरहँदा क्रान्ति सम्भव नहुने प्रलाप गरिरहेका छन्। उनीहरूले हिजो हाम्रो पार्टी र नेताहरूमाथि लगाएका आरोपहरू मिथ्या साबित भएपछि अरू भ्रम र षड्यन्त्र छरिरहेका छन् तर क्रान्तिले ती सबै भ्रमहरूलाई खारेज गरिदिनेछ।'

यसअघि कार्यक्रममा वाचित कविताको समीक्षा गर्दै स्रष्टा एवम् समालोचक डा. रामप्रसाद ज्ञवालीले हाम्रो कविताको शक्ति के हो भन्ने प्रश्न गरेका थिए। उनले कार्यक्रममा वाचित कविताले क्रान्ति सम्पन्नताको आराधना गरेको र क्रान्तिकारी विचार र आदर्श प्रस्तुत गरेको भन्दै जिज्ञासा राखेका थिए, 'यत्रो त्याग, शौर्य र बलिदानीको मार्ग रोजेको क्रान्तिकारी पार्टीको आदर्श पछ्याउन जनता किन हिचकिचाइरहेका छन् र सुधारवादी बाटो पछ्याउन लालायित भइरहेका छन् ?' उनको यही जिज्ञासा शान्त पार्दै नेकपा नेता अनिल शर्माले क्रान्ति कष्टसाध्य बाटो भएकाले जनताले प्रायः सुधारवादी, सजिलो बाटो रोज्ने गरेको र अन्ततः क्रान्तिलाई नै साथ दिने गरेको बताएका थिए।

प्रतिरोध दिवसमा अनिल शर्मा, रामप्रसाद ज्ञवाली, बन्धु चन्द, शोभा दुलाल, अम्बिका चन्द, अशोक सुवेदी, अग्निराज पौडेल 'अराप', ढुण्डीराज अधिकारी, भीम भारती, अविरल शर्मा, रसुवाली कवि, महेन्द्र राई, ममता सुर्खेती, नवराज मैनाली, विष्णु लामा 'जित', कुलदीप थापामगर 'अभिलाश', उषाकिरण आजाद, रङ्गवीर विश्वकर्मा, रोशन भारती, नवराज न्यौपाने, खेम आचार्यलगायत २५ जना कविले क्रान्तिकारी चेतनाले ओतप्रोत कविता वाचन गरेका थिए।

अखिल नेपाल लेखक सङ्घकी अध्यक्ष शोभा दुलालको अध्यक्षता, सङ्घका उपाध्यक्ष अशोक सुवेदीको सञ्चालन र कोषाध्यक्ष लोमनकुमार सुनार 'प्रतिबद्ध' को स्वागतमा सम्पन्न कार्यक्रममा नेकपाकी केन्द्रीय सदस्यसमेत रहेकी अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, महासचिव राजकुमारी शाही, सचिव उषा थापा, सङ्घकी निवर्तमान महासचिव धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी', नेकपा काठमाडौँ जिल्ला इन्चार्ज शरद रसाइली, नेकपा रामेछापका इन्चार्ज इन्द्र श्रेष्ठ, ताम्सालिङ स्वायत्त प्रदेशका प्रमुख माणिक लामा, अखिल नेपाल ललितकला सङ्घका संयोजक अग्निराज पौडेल 'अराप', अखिल नेपाल लोककलाकर्मी सङ्घका संयोजक ढुण्डीराज अधिकारीलगायत अतिथि उपस्थित थिए।

## जनपत्रकार सङ्गठन सबै ....

गर्दै महासङ्घ साँच्चिकै हामी सबैको साझा संस्था हुनुपर्छ भन्ने आफ्नो पूर्ववत् धारणाप्रति दृढ रहेको पनि बताएका छन्।

## नेपाल कम्युनिस्ट पार्टी ....

उनको भनाइ थियो। उनले पार्टी र नेपाल सरकारबीच भएको तीनबुँदे सहमति आफ्नै देशको भूगोलभित्र र आफ्नै विवेकले गरिएको इतिहासकै नयाँ कदम भएको पनि बताए।

दलाल सत्ताको विकल्पमा वैज्ञानिक समाजवादी सत्ता स्थापनाले मात्रै देशमा वास्तविक शान्ति, समृद्धि, स्वाधीनता र मानव मुक्ति सम्भव भएको उनले बताए। सबैभन्दा राम्रो भविष्य निर्धारण गर्ने कम्युनिस्टहरू भएको भन्दै उनले विचार, सिद्धान्त र आदर्शअनुरूप जीवनशैली र आचारणमा सुधार गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा नेकपा राप्ती ब्युरो इन्चार्ज केशबहादुर बाठामगर 'सुवास' ले क्रान्तिकारीहरू विचार र सिद्धान्तबाट पतीत भए मात्रै हार्ने ठाउँमा पुग्ने धारणा राखे। उनले क्रान्तिकारी कार्यदिशा भएकै कारण आफूहरूको पार्टीले दलाल पुँजीवादको षड्यन्त्र कथित प्रतिबन्धलाई धुजाधुजा पारेको स्पष्ट पारे।

सुवासको अध्यक्षतामा भएको कार्यक्रममा बेपत्ता परिवार समाजका केन्द्रीय अध्यक्ष सुन्दर, विशेष समितिका केन्द्रीय सदस्य असिना, नेकपा धौलागिरि ब्युरो इन्चार्ज अनन्त, युवा सङ्गठन नेपालका केन्द्रीय अध्यक्ष पाटन, अखिल (क्रान्तिकारी) का केन्द्रीय महासचिव प्रकाश शाही, दलित मुक्ति मोर्चाकी केन्द्रीय उपाध्यक्ष सीता विक 'सम्झना' को आतिथ्य रहेको थियो।

कार्यक्रममा राप्ती ब्युरोअन्तर्गतका जिल्ला सेक्रेटरी र जनवर्गीय सङ्गठनका ब्युरो इन्चार्ज/संयोजकहरूले रिपोर्टिङ राखेका थिए। नेकपा प्युठान जिल्ला इन्चार्ज विक्रमको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण राप्ती ब्युरो सदस्य विश्वले गरेका थिए।

## महासचिव विप्लवले ....

तत्कालीन रूपन्देही जिल्ला इन्चार्ज सङ्गम, थारू राष्ट्रिय मुक्ति मोर्चाका महासचिव नवीन थारू, गणेश चौधरी र दुर्गा रोकालाई नेकपाका महासचिव विप्लव र पार्टी केन्द्रीय सदस्य कृतिले भेट गरेका हुन्।

प्रहरीले संगम, नवीन थारू, गणेश, दुर्गा रोका, पारससहित १० जनालाई १६ साउन, २०७७ मा रूपन्देहीबाट गिरफ्तार गरेको थियो।

## सहिद तथा घाइतेका ....

परिवार तथा घाइतेहरूसँग कुरा गर्दै प्रकाण्डले देश र जनताका पक्षमा लड्दालड्दै सहिद भएकाहरूको उत्तरदायित्व आफ्नो पार्टीले लिने बताए। सहिद तथा घाइतेका परिवारसँगको छलफलमा प्रकाण्डले आफ्नो व्यक्तिगत स्वार्थका लागि क्रान्तिकारी आदर्श त्याग्ने कल्पनासमेत नगरेको बताए।

भेटघाट कार्यक्रममा सहिदका परिवारहरूले क्रान्तिको प्रक्रियामा आफ्ना परिवारका सदस्यहरूले बलिदान गरेको भन्दै क्रान्तिलाई पूर्णतामा पुर्याएपछि मात्रै सहिद र घाइतेहरूको उच्च सम्मान हुने बताएका थिए। यस्तै घाइते योद्धाहरूले आफूले सक्नेजति क्रान्तिका पक्षमा योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै आफूहरू घाइते भएकोमा पछुतो नलागेको बरु क्रान्ति पूरा होस् भन्ने अपेक्षा गरेको बताए।

कार्यक्रममा गत २०७६ जेठ १२ गते काठमाडौँमा प्राविधिक दुर्घटनाका कारण भएको विस्फोटका क्रममा सहिद भएका सहिद कृष्णप्रसाद भण्डारी 'निरन्तर' की जीवनसँगिनी पूर्णमाया डंगोल, सहिद दीपेन्द्र विश्वकर्माकी जीवनसँगिनी बिना, सहिद प्रज्वल शाहीकी बहिनी कलसा शाही र घाइतेहरू हरि खड्का, सुरेन्द्र महर्जन, महेन्द्र तामाङलगायतले आआफ्ना अनुभूति र पार्टीलाई सुझाव राख्दै गर्दा कार्यक्रम भावविह्वल भएको थियो। सबै नेता-कार्यकर्ता र उपस्थित व्यक्तिका आँखा रसाएका थिए।

छलफल कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् उपत्यका ब्युरो इन्चार्ज मिलनले सहिद परिवार र घाइतेहरूको पीडामा एकाकार हुँदै जिम्मेवारी लिने र व्यावहारिक समस्याहरूलाई पार्टीले उचित ढङ्गले सम्बोधन गर्ने बताए।

उक्त कार्यक्रममा रातो खबर प्रकाशन गृहका निर्देशक वसन्त श्रेष्ठ, काठमाडौँ जिल्ला इन्चार्ज शरद रसाइलीको सहजीकरणमा जिल्ला सेक्रेटरी राजेन्द्रको उपस्थिति थियो।

## संसदीय व्यवस्थाको ....

स्थापनाका लागि चार राजनीतिक दल संयुक्त रणनीतिक मोर्चा बनाएर एक ठाउँमा उभिएको बताए।

'संसदीय व्यवस्था असफल हुनु सिङ्गो प्रणालीकै असफलता हो। त्यस व्यवस्थाका पक्षधर पार्टीको असफलता हो। नेतृत्वको असफलता हो। व्यक्तिहरूको पनि असफलता हो', उनले भने, 'हामीले अब सरकारको पनि विकल्प दिनुपर्छ र व्यवस्थाको पनि विकल्प दिनुपर्छ भनेर संयुक्त रणनीतिक मोर्चामार्फत नयाँ संयुक्त सरकारको विकल्प पनि दिएका छौँ। व्यवस्थाको विकल्प पनि नौलो जनवादी व्यवस्था हुँदै वैज्ञानिक समाजवादी हुनुपर्छ भनेर लागेका छौँ।' त्यसका लागि बृहत् सडक आन्दोलन आवश्यक रहेको उनले बताए।

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य उदयबहादुर चलाउने 'दीपक' ले संसदीय व्यवस्थाको असफलता भइसकेकाले अबको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था रहेको बताए। उनले यस विषयमा बृहत् छलफल आवश्यक रहेको धारणा पनि राखे।

संसदीय व्यवस्थाको असफलता संसद् विघटनले छर्लङ्ग पारेको र पुँजीवादी व्यवस्थाको असफलता कोरोनाले राम्रोसँग उजागर पारेको प्रस्ट पार्दै उनले भने, 'अबको समाधान मध्यावधि निर्वाचन, संसदीय व्यवस्था र पुँजीवादी व्यवस्था पनि होइन। यसको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था हो। त्यसकारण वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि जग बसोस् भनेर हामीले प्रगतिशील संयुक्त सरकार हुनुपर्छ भनेका छौँ।'

त्यसका लागि कम्युनिस्ट पार्टी र कम्युनिस्ट पार्टीभन्दा बाहिर रहेका दल तथा विज्ञहरूसँग पनि छलफल गर्नुपर्छ भन्ने नेकपाको कार्यनीति रहेको उनको भनाइ थियो। अहिलेको राजनीतिक परिस्थितिको निकास संवाद र सहकार्यबाट निकाल्नुपर्नेमा जोड दिँदै नेकपा नेता दीपकले नेपालको अग्रगमन, नेपाली जनताको प्रगति र उन्नतिका लागि अगाडि बढ्न रूपान्तरणका पक्षपाती शक्तिहरूलाई आह्वान पनि गरे।

जनअधिकार अभियान नेपालका संयोजक एकराज भण्डारीले संसदीय व्यवस्था असफल भइसकेकाले यसलाई जति टालटुल गरे पनि सुधार हुन नसक्ने ठोकुवा गरे। बिग्रेको होन्डा मोटरसाइकलमा टाटा कम्पनीको पार्टपुर्जा राखेर नचलेजस्तै सुधारिएको संसदीय व्यवस्था टिक्न नसक्ने उनको भनाइ थियो। संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था हो भन्ने शक्तिहरूले ढिला नगरी बहसमा उत्रिनुपर्ने र व्यवहारमा लागू गर्नुपर्ने उनले बताए।

राष्ट्रिय जागरण मञ्च नेपालका संयोजक गुणराज लोहनीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक विश्वभक्त दुलालले संसदीय व्यवस्था पुँजीवादी प्रणालीको अङ्ग भएकाले पुँजीवादका विरुद्ध व्यापक बहस र छलफल आवश्यक रहेको बताए। समाजवादको बाटो निर्माणका लागि पाको पुस्ताले संयोजन गर्नुपर्ने उनको जोड थियो।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य राम कार्कीले नेपालमा अब कस्तो व्यवस्था स्थापना गर्नुपर्छ भन्ने विषयमा छलफल आवश्यक भइसकेको बताए।

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य अर्जुन कार्कीले अब संसदीय व्यवस्थातर्फ नभई नयाँ व्यवस्थातर्फ यात्रा आरम्भ गर्नुपर्ने धारणा व्यक्त गरे। नयाँ व्यवस्था स्थापना गर्नकै लागि ४ दलीय संयुक्त मोर्चा बनेको स्मरण गराउँदै उनले अब सबै परिवर्तनकारी शक्तिहरू एक ठाउँमा उभिनुपर्ने बताए।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले संसदीय व्यवस्था पूरै असफल भइसकेकाले अब सामान्य नीति, धारा, उपधारा फेरिएर नहुने धारणा राखिन्। उनले अबको विकल्प जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र अधिकारको सुनिश्चितता गर्ने वैज्ञानिक समाजवादी व्यवस्था भएको बताइन्।

कार्यक्रमको उद्घोषण राष्ट्रिय जागरण मञ्च नेपालका सचिव नरबहादुर कार्कीले गरेका थिए भने स्वागत मन्तव्य मञ्चकै केन्द्रीय सदस्य माधव बिस्ट र समापन मन्तव्य मञ्चका केन्द्रीय सदस्य सुरेन्द्र कार्कीले राखेका थिए।

## प्रधानमन्त्री ओली र ....

मानिसहरू उद्यत छन्। कतिपयले विभिन्न ढङ्गबाट व्याख्या गर्ने र यसलाई नकारात्मक ढङ्गबाट अनावश्यक रूपले प्रस्तुत गरी देशमा अस्थिरता पैदा गर्न उद्यत छन्। कतिपय मानिसलाई निकै अनपेक्षित लागेको उक्त वार्ताका बारेमा अनावश्यक रूपमा टीकाटिप्पणी गर्ने र दुवै पक्षलाई उत्तेजित बनाउने कोसिस भैरहेको बेला दुवै पक्षले इमानदारीपूर्वक सहमतिका बुँदाहरू पालना गरेको खण्डमा नेपालको राजनीतिक कोर्स नयाँ गतिले अघि बढ्ने आँकलन गरिएको छ।

# अखिल (क्रान्तिकारी) द्वारा कम्युनिस्ट विद्यार्थी अभियान आरम्भ

## जनयुद्धका सहिद शेखर सापकोटाको स्मृति सभा

**कास्की।** 'सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त, जनतान्त्रिक विद्यार्थीहरू एक हौं !' मूल नारासहित अखिल (क्रान्तिकारी) जिल्ला समिति कास्कीले कम्युनिस्ट विद्यार्थी अभियान आरम्भ गरेको छ । क्रान्तिकारीले पोखराको जनप्रिय क्याम्पसमा अभियान आरम्भ गरेको हो। क्रान्तिकारीले आफ्नो अभियानसँगै जनयुद्धका सहिद योद्धा शेखर सापकोटाको स्मृति सभासमेत गरेको थियो।

यस्तै कार्यक्रममा स्वागत मन्तव्य राख्दै अखिल क्रान्तिकारी कास्की जिल्ला सचिव युवराज थापाले विद्यार्थीले राजनीतिलाई बुझ्न जरुरी रहेको बताए। उनले यहाँभित्रको व्यवस्थालाई बुझ्न जरुरी रहेको र भोलि देश बनाउने जिम्मा आजका हरेक विद्यार्थीको काँधमा आएको बताउँदै अभियान तीव्रताका साथ अघि बढ्ने र लक्ष्यमा पुग्ने दिशामा रहेको बताए।

अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो संयोजक अटलले अभियानको मुख्य विषय आमूल परिवर्तन रहेको बताए । उनले विद्यमान दलाल पुँजीवादी व्यवस्थाका कारण विद्यार्थीमा गम्भीर समस्या आएको र गलत शिक्षा प्रणालीका कारण विद्यार्थी गुलाम बन्न बाध्य भएकाले सङ्गठनले यसलाई परिवर्तन गरी वैज्ञानिक समाजवादी व्यवस्था र वैज्ञानिक, व्यावहारिक शिक्षा ल्याउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरेको बताए।

उनले विद्यमान शिक्ष नीतिले विद्यार्थीको भविष्य नै अन्योलग्रस्त बनाएकाले राज्यले विद्यार्थीको हक र उचित शिक्षा दिन सकेन भने शिक्षामा भएको दलालीकरणका विरुद्ध सम्पूर्ण विद्यार्थी एक भएर लड्नुपर्ने बताए।

कार्यक्रमका प्रमुख अतिथि रहेका पार्टी जिल्ला सेक्रेटरी विश्वासले सहिद सापकोटाको त्याग र बलिदान मनन गर्दै सहिदको सपना पूरा गर्न आफूहरु सहिद बन्न तयार रहेको बताए।

विद्यार्थीले निःशुल्क पढ्न नपाएको, रोजगार र स्वास्थ्यबाट वञ्चित हुनुपरेको र झन्झन् समस्याहरू बढ्दै गएकोमा दुःख व्यक्त गर्दै उनले यसका विरुद्ध सङ्घर्ष गर्नुपर्नेमा जोड दिए। निःशुल्क, व्यावहारिक र वैज्ञानिक शिक्षा आजको शिक्षा नीति हुनुपर्नेमा जोड दिनुपर्ने उनले बताए।

उनले भने, 'आफ्नै देशमा पनि रैती जसरी बस्नुपर्ने अवस्था देशको राज्यप्रणालीले उत्पन्न गरेको छ । यहाँ धेरै विद्यार्थीलाई राष्ट्रियताका लागि लड्दै जेल हालिएको छ।' राज्यको यसप्रकारको व्यवहारका विजरुद्ध लड्ने विद्यार्थीलाई हलुका रुपमा नलिन उनले चेतावनी दिए।

अखिल (क्रान्तिकारी) कास्की जिल्ला अध्यक्ष पवन पुनको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) कास्की जिल्ला उपाध्यक्ष कमलाले गरेकी थिइन्। कार्यक्रममा अखिल क्रान्तिकारी केन्द्रीय सदस्य एवम् सहिदपुत्र प्रकाश बास्तोला, गण्डक ब्युरो संयोजक अटललगायतको उपस्थिति थियो।

# 'युवाहरूको समस्याको समाधान क्रान्तिले दिन्छ'

**उषा घर्तीमगर/म्याग्दी**

नेकपा धौलागिरि ब्युरो इन्चार्ज ध्रुव घिमिरे 'विप्लव' ले आजका युवाहरूको समाधान क्रान्तिले दिने बताएका छन् । उनले पुँजीवादी व्यवस्थाका विरुद्ध युवाहरू सङ्घर्षमा एकीकृत हुन आवश्यक रहेको पनि बताए। युवा सङ्गठन नेपाल म्याग्दीको प्रथम भेलाका अवसरमा नेता विप्लवले उक्त कुरा बताएका हुन्।

भेलामा सम्बोधन गर्दै नेता विप्लवले विश्वक्रान्तिको इतिहासमा युवाहरूको भूमिका महत्वपूर्ण रहेको पनि बताए । एकीकृत जनक्रान्तिमा पनि युवाहरूले काँध थाप्न जरुरी रहेको र एकीकृत जनक्रान्ति विचारको शक्तिशाली हतियार भएको धारणा उनले राखे।

भेलाले नवीन विश्वकर्माको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ। सङ्गठनको उपाध्यक्षमा उज्ज्वल केसी, सचिवमा टङ्कप्रसाद पौडेल र कोषाध्यक्षमा मनबहादुर रोका रहेका छन्।

भेलामा नेकपा म्याग्दी जिल्ला इन्चार्ज दीपा, मुस्ताङ जिल्ला इन्चार्ज फिल्टर, ब्युरो कार्यालय सदस्य नवीन, अनेमसङ्घ क्रान्तिकारीकी केन्द्रीय सचिव उषा घर्तीमगर, युवा सङ्गठन नेपालका ब्युरो इन्चार्ज विजय, अखिल (क्रान्तिकारी) ब्युरो संयोजक सुरेन्द्र बस्नेतलगायतको उपस्थिति थियो । कार्यक्रम नवीन विश्वकर्माको सञ्चालन र रमेश पुनको अध्यक्षतामा सम्पन्न भएको थियो।

# गोरखामा जनजागरण अभियान आरम्भ




**गोरखा ।** नेपाल कम्युनिस्ट पार्टीले गण्डक ब्युरोअन्तर्गत गोरखा जिल्लामा एकमहिने जनजागरण अभियान आरम्भ गरेको छ।

पार्टी केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो इन्चार्ज उमा भुजेल 'शिलु' र गोरखा जिल्ला इन्चार्ज प्रतीकको उपस्थितमा गोरखाको अजिरकोट गाउँपालिकामा शनिबार अन्तरक्रिया कार्यक्रम गर्दै नेकपाले जनजागरण अभियान आरम्भ गरेको हो।

उक्त कार्यक्रममा उपस्थित स्थानीय बासिन्दाको जिज्ञासाको जबाफ दिने क्रममा नेत्री भुजेलले नेपाल सरकार र पार्टीबीच भएको वार्ता र तीनबुँदे सहमतिका बारेमा बाहिर भ्रम छर्ने काम भइरहेको भन्दै त्यस्ता भ्रमका पछाडि नलाग्न आग्रह गरिन्। उनले नेकपाले विद्यमान संसदीय व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गरेरै छोड्ने प्रतिबद्धता पनि जनाइन्।

# नेकपा लमजुङको नगरपालिकास्तरीय भेला सम्पन्न




**लमजुङ ।** नेपाल कम्युनिस्ट पार्टी लमजुङले मध्य नेपाल नगरपालिका स्तरीय भेला कार्यक्रम सम्पन्न गरेको छ। उक्त भेलाले प्रभु घिमिरे को नेतृत्वमा ११ सदस्यीय नगरकमिटी गठन गरेको छ भने उक्त नगरको ४ नम्बर वडा कमटिका प्रमुख बुद्धी नेपालीको नेतृत्व मा ९ सदस्यीय वडा कमिटी र किसान कुलुको नेतृत्वमा १३ सदस्यीय युवा संगठन नेपाल गठन गरेको छ । जिल्ला इन्चार्ज आक्रोशको प्रमुख आतिथ्यतामा सुरु भएको कार्यक्रमको संचालन कुमारले गर्नुभएको थियो भने भेलाको सभापति नारायण कुँवरले गर्नुभएको थियो । लमजुङ जिल्लामा सेक्रेटरी गौरव र इन्चार्जको नेतृत्वमा एक महिने संगठन सुदृढीकरण तथा विस्तार अभियान संचालित भइरहेको छ ।

शुभकामना

नयाँ वर्ष २०७८ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति समृद्धि र दीर्घायुको कामना साथै कोरोनाको जोखिमबाट बच्न, बचाउन आवश्यक सुरक्षा सावधानीसहित सुरक्षित बस्न हार्दिक अनुरोध गर्दछौं।

भीम बहादुर साउँद
कार्यकारी निर्देशक
मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति
गेटा, कैलाली



RASUWAGADHI HYDROPOWER CO. LTD.
रसुवागढी हाइड्रोपावर कं.लि.
2011 A.D.
Maharajgun, Kathmandu
Phone: 01-4371744, 4371794
web: www.rghpcl.com.np

नव वर्ष २०७८ को अवसरमा हामी हाम्रा शेयर सदस्य, बचतकर्ता, शुभचिन्तक एवम् समस्त दाजुभाई तथा दिदिबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

डम्बर सिंह गुरु, महाप्रवन्धक | डा. गोबिन्दराज जोशी, उपाध्यक्ष | चक्र बहादुर सिंह, अध्यक्ष

नवजीवन सहकारी संस्था लिमिटेड
धनगढी, कैलाली, फोन : ०९१- ५२०२८३, ५२४२८०

हाम्रा बिशेषताहरु :
- दैनिक मौज्दातमा ६% ब्याज दिइने बचत खाता।
- वार्षिक अधिकतम ९.५% ब्याज दिइने मुद्धती खाता।
- रु. १०० बाट घरेलु तथा वाल बचत खाता खोल्न सकिने।
- सरल, सुलभ एवं सिघ्र ऋण सुविधा।
- शेयर सदस्यहरुलाई बार्षिक अधिकतम लाभांश।
- शेयर सदस्यहरुलाई सुत्केरी स्याहार, काज किरीया खर्च र औषधि उपचार खर्च सहयोग।
- सामुहिक जमानीमा लघुवित्त कार्यक्रम सञ्चालन।
- कृषि उपज संकलन उपआयोजना सञ्चालन।
- अनलाईन बैकिङ्ग सफ्टवेयर मार्फत सरल कारोबार एवं निशुल्क चेक तथा एबिबिएस सेवा।
- Navajeevan Mbank मार्फत सरल मोबाईल बैकिङ्ग सेवा।
- ATM मार्फत SCT Network र Union Pay संग आवद्ध नेपालभरका बैंक तथा वित्तिय संस्थाहरुबाट रकम झिक्न सकिने।
- विगत २७ बर्षदेखि अनवरत वित्तिय सेवा दिदैं आएको तपाई हाम्रो घर आंगनको संस्था।

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू
१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू
१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ